मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

आवश्यकता
**पदः** पृष्ठ संयोजक/उपसम्पादक
**संख्याः** २
**जिल्ला संवाददाताः** ११
(सप्तरी-१, सिरहा-१, धनुषा-१ (सिटी रिपोर्टर), महोत्तरी-१, सर्लाही-१, रौतहट-३ (गौर, चपुर, गरुडा-कटहरिया), बारा-२ (निजगढ-सिमरा, कलैया), पर्सा-१ (ग्रामीण)
**योग्यताः** न्यूनतम प्रमाणतह उत्तीर्ण र पत्रकारितामा क्रियाशील एवम् अभिरुची भएको, इच्छुकले फागुन १५ गतेभित्र हस्तलिखित आवेदन, शैक्षिक प्रमाणपत्र र नागरिकताको प्रतिलिपि
madheshdristi@gmail.com मा इमेल गर्नुहोला ।

● वर्ष ३ ● अंक १०० ● २०८१ साल फागुन ०६ गते मंगलबार ● Monday 18, February 2025 ● सूर्योदयः बिहान ६:३९ बजे ● सूर्यास्तः साँझ ५:५९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# नेपाली विद्यार्थीलाई फर्कन कलेजको अपिल




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
एउटा छात्राको मृत्युपछि सिर्जित अप्रिय घटनाक्रबाट अशान्त बनेको भारत, ओडिसा राज्य, भुवनेश्वरस्थित कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआइआइटी) विश्वविद्यालयले सबै नेपाली विद्यार्थीलाई कलेज फर्कन आग्रह गरेको छ । कलेजले क्षमायाचनासहित विद्यार्थीलाई कलेज फर्कन आग्रह गरेको हो । कलेजमा अध्ययनरत नेपाली विद्यार्थी प्रकृति लम्सालको आइतबार रहस्यमय मृत्यु भएपछि आन्दोलित नेपाली विद्यार्थीमाथिको अस्थायी निलम्बन फिर्ता लिइएको कलेजले घोषणा गरेको छ ।

केआइआइटीले सोमबार विज्ञप्ति जारी गर्दै भनेको छ, ‘विद्यार्थीलाई क्याम्पसमा फर्किन प्रोत्साहन गरिन्छ । उनीहरूले अब सामान्य शैक्षिक गतिविधिमा भाग लिने पाउनेछन्, उनीहरूका अधिकार चाँडै पुनस्थापित गरिनेछ । यस अवधिमा उनीहरूको शैक्षिक पक्षलाई बाधा पु¥याइने छैन । विश्वविद्यालयले उनीहरूको हेरचाह गर्नेछ ।’

शैक्षिक कक्षा र छात्राबासको अस्थायी निलम्बन तुरुन्तै फिर्ता लिइएको जनाउँदै भनिएको छ, ‘शान्ति कायम राख्न र उचित न्याय सुनिश्चित गर्ने उद्देश्यले यो कदम चालिएको हो ।’ केआइआइटीले थप अप्रिय घटना हुन नदिन, सहज र निष्पक्ष अनुसन्धान सुनिश्चित गर्न नेपाली विद्यार्थीलाई सहजीकरण भइरहेको जनाएको छ ।

आइतबार २० वर्षीया नेपाली छात्रा लम्साल होस्टेलमा मृत भेटिएकी थिइन् । उनले आत्महत्या गरेको आशंका गरिए पनि मृत्यु रहस्यमय छ । त्यसपछि विश्वविद्यालय प्रशासनले सात सय बढी नेपाली विद्यार्थीमाथि धरपकड गरेर निकालेको थियो । लम्साल आत्महत्या प्रकरणले कलेजमा चर्को रूप लिएको थियो । लम्साल आइतबार साँझ होस्टेलको आफ्नै कोठामा झुण्डिएको अवस्थामा फेला परेकी थिइन् । उनका प्रेमी भनिएका आद्रिक श्रीवास्तवलाई प्रहरीले नियन्त्रणमा लिएको छ । विश्वविद्यालयले नेपाली विद्यार्थीलाई विश्वविद्यालय छोड्न उर्दी जारी गरेपछि अप्रिय अवस्था बनेको हो । विश्वविद्यालयको ‘क्यूबिसी–४’ होस्टेलमा लम्सालले आत्महत्या गरेकी थिइन् । कलेजमा अप्रिय घटना बढेपछि २ सय भन्दा बढी नेपाली विद्यार्थी स्वदेश फर्किन लागेका थिए । आत्महत्यापछि विश्वविद्यालयले घटना लुकाउन खोजेको थियो ।

सोमबार बिहान विश्वविद्यालय परिसरभित्रै प्रहरी प्रवेश गरेर नेपाली विद्यार्थीई गाडीमा राखेर बसस्टप पुऱ्याउने काम भएको थियो । घटनापछि कलेज व्यवस्थापनले नेपाली स्वाभिमानमा प्रहार हुने शब्द प्रयोग गरेपछि भारतीय विद्यार्थीले पनि नेपाली विद्यार्थीको आन्दोलनमा साथ दिएका थिए । उसो त आफूमाथि दुव्र्यवहार भएको भन्दै केही दिनअघि लम्सालले उजुरीसमेत दिएको खुलेको छ । उजुरीमा विश्वविद्यालय प्रशासन मौन रहेको देखिएको छ ।

१ हजार २ सयभन्दा बढी नेपाली विद्यार्थी आन्दोलनमा उत्रिएपछि विश्वविद्यालयको रजिस्ट्रारको कार्यालयले नेपाली विद्यार्थीलाई कलेजमा प्रवेश रोक लगाएपछि अवस्था अरु तनावग्रस्त बनेको थियो । होस्टेलमा बस्नेलाई प्रहरी लगाएर अराजक शैलीमा सामान प्याक गर्न लगाउँदै, लखेट्दै गाडीमा हालेर बस स्टेसनसम्म पु¥याएको भन्दै विद्यार्थीहरूले विरोध गरेपछि यसले नेपालमा समेत तरंग ल्याएको थियो । काठमाडौँमा सोमबार भारतीय दूताबास अगाडि विद्यार्थीहरुले प्रदर्शन गरेका थिए । प्रधानमन्त्री केपी शर्मा ओली, परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले पनि कुटनीतिक पहल भइरहेको जवाफ दिनु परेको थियो । यता, राप्रपा लुम्बिनी प्रदेश कमिटीले घटना अनुसन्धानका लागि कूटनीतिक पहल गर्न सरकारसँग आग्रह गरेको थियो । छात्रा लम्साल रुपन्देहीको रहेको बताइएको छ । उनी बि–टेक तृतीय वर्षमा अध्ययनरत थिइन् ।

# धनुषाका अधिकांश स्थानीय तहको कार्य सम्पादन कमजोर

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
धनुषाका अधिकांश स्थानीय तहको कार्य सम्पादन सन्तोषजनक देखिएको छैन । स्थानीय तहमा कर्मचारी अभाव, जनप्रतिनिधिबीचको विवादका कारण स्थानीय तहको काम सन्तोषजनक नदेखिएको हो । अधिकांश स्थानीय तहमा हुने गरेको विवादका कारण यस्ता समस्या आएको जनप्रतिनिधिहरुकै गुनासो छ । उनीहरुका अनुसार कर्मचारी आए पनि उनीहरुले काममा गर्ने लापरबाहीका कारण सन्तोषप्रद काम गर्न नसकेको जनाइएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको नतिजामा धनुषाको अधिकांश स्थानीय तहमा कार्य सम्पादनमा सुधार गर्नुपर्ने देखाएको छ । प्रतिवेदन अनुसार धनुषाधाम नगरपालिकाले ४३ अंक प्राप्त गरेको छ भने मिथिला नगरपालिकाले ३७ अंक, बटेश्वर गाउँपालिकाले ३९, क्षिरेश्वरनाथ नगरपालिकाले ३८, लक्ष्मीनिया गाउँपालिकाले ३६, मिथिला बिहारी नगरपालिकाले ४०, हंसपुर नगरपालिकाले ३८, सबैला नगरपालिकाले ३६, शहीद नगरनगरपालिकाले ३९ अंक प्राप्त गरेका छन् । त्यसैगरी, कमला नगरपालिकाले २७, जनकनन्दिनी गाउँपालिकाले ३५, विदेह नगरपालिकाले ३७, औरही गाउँपालिकाले ४५, जनकपुरधाम उपमहानगरपालिकाले ४४, धनौजी गाउँपालिकाले २४, नगराइन नगरपालिकाले २७, मुखियारपटिट मुसहरनिया गाउँपालिकाले ३८ अंक प्राप्त गरेको छ । आयोगले विभिन्न १७ सूचकका आधारमा मूल्याङ्कन गर्ने गरेको छ । ती सूचकहरूमध्ये पालिकाले गरेको खर्च, बेरूजु, लेखा परीक्षणले औँल्याएको बेरूजु, स्थानीय सञ्चित कोष व्यवस्था प्रणालीको प्रयोग, आवधिक योजना गरे–नगरेको, राजस्व विभाजन गरे–नगरेको लगायतका सूचकमा मूल्याङ्कन गर्ने गर्दछ ।

समय सीमाभित्र बजेट ल्याए–नल्याएको, बजेट पास गरे–नगरेको, घरजग्गा रजिष्ट्रेसन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन करबापत उठेको रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई मासिक रूपमा दिए–नदिएको लगायतका आधारमा अनलाइन पोर्टलबाट अपलोड गरी सोही आधारमा अङ्क प्राप्त गर्ने प्रावधान छ ।

# मौलिक पहिचान मेट्ने नामकरण हटाउन माग



**मधेशदृष्टि**
**बारा ।**
राष्ट्रिय एकता अभियान बाराले बाराका केही स्थानको नाम विदेशी शब्दमा परिवर्तन गरिएको भन्दै गम्भीर आपत्ति जनाएको छ । संगठनले प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै मौलिक पहिचान मेट्ने नामकरण हटाउन आग्रह गरेको छ ।

संगठनका केन्द्रीय अध्यक्ष विनय यादवका अनुसार फेटा गाउँपालिका अन्तर्गतको फेटा बजारस्थित ‘मुस्तफा चोक’ र कोल्हबी नगरपालिका–७, धोधरपा गाउँस्थित ‘अन्सारी चोक’ जस्ता नामकरण नेपालको मौलिक परम्परासँग मेल नखाने भएकाले खारेज गर्न माग गरिएको हो । ज्ञापनपत्रमा नेपालका ऐतिहासिक स्थानको मौलिकता जोगाउन प्रशासनले कडा अनुगमन गर्नुपर्ने र यस्ता गतिविधि पुनः नदोहो¥याउने दीर्घकालीन नीति निर्माण गर्नुपर्ने माग गरिएको छ । नेपाल बहुसांस्कृतिक राष्ट्र भए पनि बाह्य प्रभावका कारण मूल पहिचान मेट्ने कार्य अस्वीकार्य हुने संगठनको भनाइ छ ।

राष्ट्रिय एकता अभियानले नेपाल सरकार तथा स्थानीय प्रशासनसँग शीघ्र आवश्यक निर्णय तथा उचित कारबाहीको माग गर्दै नेपालको सांस्कृतिक पहिचान बचाउन यो कदम आवश्यक रहेको उल्लेख गरेको छ । अध्यक्ष यादवका साथ अभियानका संरक्षक सेवक सौरभनाथ बाबा, बारा, पर्सा प्रभारी राजेश यादव लगायतको टोली प्रमुख जिल्ला अधिकारीको कार्यकक्ष पुगेर ज्ञापन पत्र बुझाएको हो ।

# स्रोत नखुलेको झण्डै ५८ लाख बरामद

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले स्रोत नखुलेको करिब ५८ लाख रुपैयाँसहित तीनजनालाई पक्राउ गरेको छ । जनकपुरधाम उपमहानगरपालिका–८ का २६ वर्षीय जेनिस कुमार साह मनि ट्रान्सफरबाटै पक्राउ परेका हुन् ।

प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीका अनुसार आइतबार दिउँसो १२ बजे जनकपुरधाम–८ स्थित न्यू अनुस्का ट्रेडर्स मनि ट्रान्सफरमा विभिन्न दरको ठूलो परिमाणमा शंकास्पद अवस्थाको रुपैयाँ रहेको सूचनाको आधारमा जाँच गर्दा ४७ लाख ८४ हजार ६ सय ३५ रूपैयाँ भेटिएको हो ।

आइतबार नै भारतबाट जनकपुरधाम आउँदै गरेका भारतीय नागरिक स्रोत नखुलेको १० लाख रकमसहित पक्राउ परेका हुन् ।

प्रहरी उपरीक्षक तिवारीले विशेष सूचनाका आधारमा मधेश प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले जनकपुरधाम–८ मा चेकजाँच गर्ने क्रममा भारत, बिहार राज्य सितामढी जिल्ला थाना परिहारग्राम पञ्चायत बराही वडा नम्बर ३, शहरराम गाउँ बस्ने ४२ वर्षीय जामुन नायकलाई पक्राउ गरेको हो । यस्तै, सिरहा, कर्जन्हा नगरपालिका वडा नम्बर ९ बस्ने ३९ वर्षीय भुवनेश्वर राउत पनि पक्राउ परेका छन् ।

# ‘अध्यादेश औपनिवेशिकताको निरन्तरता’

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय मुक्ति पार्टीले संसदमा पेश भएका विधेयक र अध्यादेश औपनिवेशिकताको निरन्तरता भएको जनाएको छ ।

सोमबार प्रेस विज्ञप्ति जारी गर्दै पार्टीले भूमिसम्बन्धी अध्यादेशले सार्वजनिक जग्गा, खोला, वन, निकुञ्ज, गौचर, सडक छेउको जग्गा र बुट्यान क्षेत्र अतिक्रमण गर्नेलाई प्रोत्साहन गर्न खोजेको भन्दै आपत्ति जनाएको छ ।

पार्टीले सरकार नजिकका व्यक्ति र ठूला रियल स्टेट व्यापारीलाई फाइदा पुर्याउने उद्देश्यले भूमि अध्यादेश ल्याइएको बताएको छ । सहकारी ठगीमा संलग्न आफ्ना व्यक्तिलाई चोख्याउने, उन्मुक्ति दिने कुत्सित नियतले सहकारी अध्यादेश ल्याइएको पार्टीको दाबी छ ।

सुशासनसम्बन्धी अध्यादेशले सरकारी कर्मचारीको नियुक्ति, स्थानान्तरण, पदोन्नतिमा पारदर्शिता कम गरी राजनीतिक हस्तक्षेप बढाउन केन्द्रित रहेको आरोप पार्टीको छ ।



शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।**

जनकनन्दिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खजुरी, धनुषा, मधेश प्रदेश, नेपाल



**चन्द्रपुर महोत्सवः** मधेश प्रदेश सभा सदस्य एवम् पूर्व उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री युवराज भट्टराई रौतहटको चन्द्रपुर—४ चन्द्रनिगाहपुरमा आयोजित चन्द्रपुर महोत्सव समारोह उद्घाटन गरेका छन् । महोत्सव फागुन १७ गतेसम्म सञ्चालन हुने छ । तस्बिरः रासस

# फोनिज मधेशको साधारणसभा फागुन १७ गते हुने

**मधेशदृष्टि**
**बारा ।**
नेपाल आदिवासी जनजाति पत्रकार महासंघ ( फोनिज ) मधेश प्रदेशको साधारण सभा बाराको कोल्हवीमा हुने भएको छ । फोनिज मधेश प्रदेशले फागुन १७ गते साधारण सभा गर्ने भएको हो । मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीको प्रमुख आतिथ्यतामा साधारणसभा गर्ने फोनिज मधेश प्रदेशका महासचिव बृजमान तमाङले बताए । साधारणसभाबाट फोनिज मधेश प्रदेशले स्थापना गरेको प्रदेशस्तरीय २ वटा पत्रकारिता पुरस्कारसमेत घोषणा गर्ने महासचिव तामाङले जानकारी दिए । पुरस्कार घोषणासँगै ४ जना सक्रिय पत्रकारलाई नगद दश हजार रुपैयाँ राशीसहित पुरस्कृत गरिने उनले बताए । फोनिज मधेश प्रदेशले क्रिएटिभ कृयाशील पत्रकारिता पुरस्कार तथा देवनारायण गनिया स्मृति पत्रकारिता पुरस्कार स्थापना गरेको फोनिज मधेश प्रदेशका अध्यक्ष दुष्यन्त चौधरीले बताए । क्रिएटिभ कृयाशील पत्रकारिता पुरस्कारबाट २ जना कृयाशील पत्रकारलाई नगद जनही १० हजार रुपैयाँ राशीबाट पुरस्कृत गरिने छ । त्यसैगरी, देवनारायण गनिया स्मृति पत्रकारिता पुरस्कारबाट २ जना जनजाति पत्रकारलाई जनही नगद १० हजार रुपैयाँ राशीको पुरस्कार प्रदान गरिने छ ।

# अग्निपीडित परिवारलाइ सहयोग

**मधेशदृष्टि**
**रौतहट ।**
राजदेवी नगरपालिका वडा नम्बर ५ पताहीमा आगलागी पीड़ित परिवारलाई अस्थायी घर बनाउन जस्तापाता वितरण गरिएको छ । अशल छिमेकी नेपाल कास्कीले अग्निपीड़ित परिवारलाई २४ थान जगदम्बा कम्पनीको जस्तापाता सहयोग गरेको हो । पीड़ित परिवारलाई खाद्यान्न सामग्री सहयोग गरेका अशल छिमेकी नेपालले पीडितहरुले बसोवास गर्न सहयोग गर्नुपर्ने गरेको आग्रहअनुसार सोमबार जस्तापाता र फलामको किलासहितका सामग्री हस्तान्तरण गरेका हुन ।



राजदेवी नगरपालिकाका नगर उपप्रमुख राजकुमारी देवी साह, प्रमुख प्रशासकीय अधिकृत प्रलव कायस्थले पीड़ित परिवारलाई सामग्री हस्तान्तरण गरेको सहयोगी संस्थाले जनाएको छ । गएको पुस १४ गते राति १ बजे भएको आगलागीमा पासवान टोलका ८ जनाको घर जलेर नस्ट भएको थियो । स्थानीय बाबुलाल पासवान, जगरनाथ पासवान, कान्ति देवी, दीपेन्द्र पासवान, सोगारथ पासवान, प्रदीप पासवान र नागेन्द्र पासवानको घर जलेको हो ।

# धुलिखेलमा ‘आउटडोर फिल्म स्टुडियो’को जग्गा सम्झौता

**काभ्रे ।**
पर्यटकीय नगरी धुलिखेलमा ‘आउटडोर फिल्म स्टुडियो’ निर्माण हुने भएको छ । यसका लागि चलचित्र विकास बोर्ड र धुलिखेल नगरपालिकाबीच सोमबार वडा नम्बर ८ स्थित कटुवापाखाको एक हजार तीन सय रोपनी जग्गाका लागि सम्झौता भएको हो ।



धुलिखेल नगरपालिकाको ३९औँ स्थापना दिवसका अवसरमा बोर्ड र नगरबीच जग्गा हस्तान्तरणसम्बन्धी प्रारम्भिक सम्झौता भएको छ । नगरप्रमुख अशोक ब्याञ्जु र बोर्डका अध्यक्ष दिनेश डिसीले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । सांसद एवम् पूर्वमन्त्री गोकुलप्रसाद बाँस्कोटाले पर्यटकीय नगर धुलिखेलमा फिल्म स्टुडियो निर्माणले धुलिखेलको सुन्दरतालाई थप उचाइमा पुर्याउने बताए । ‘नेपालमै पहिलो स्वस्थ सहरको दर्जा पाएकामा धुलिखेललाई बधाई छ, फिल्म सिटीले धुलिखेलाई अझ सुन्दर बनाउने छ, यसलाई गौरवको विषय मान्नुपर्छ,’ उनले भने ।
नगरप्रमुख ब्याञ्जुले चलचित्र क्षेत्रको विकास एवं प्रवद्र्धनका लागि नगरले सकेको सहयोग गर्ने बताउँदै धुलिखेलमा आउटडोर स्टुडियो परियोजनाले नेपाललाई अन्तरराष्ट्रिय फिल्म गन्तव्यका रुपमा थप विकास गर्ने अपेक्षा गरिएको बताए । त्यसैगरी बोर्डका अध्यक्ष डिसीले जग्गामा प्राकृतिक सुन्दरता र अत्याधुनिक प्रविधि संयोजन गरी आउटडोर स्टुडियो निर्माण नेपाली चलचित्र उद्योगका लागि नयाँ उपलब्धि सावित हुने बताए । यसअघि बनेपा नगरपालिका–१० र १३ वडास्थित बाहुनडाँडा सामुदायिक वनमा अत्याधुनिक फिल्म छायाङ्कन स्टुडियो निर्माणको प्रक्रिया थालिएको छ । असार २८ गतेको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार दुई हेक्टर वन क्षेत्रको जग्गा प्रयोगका लागि स्वीकृति दिने निर्णय भएको छ । आर्थिक वर्ष २०८०–८१ को बजेटमा बनेपामा अत्याधुनिक फिल्म छायाङ्कन स्टुडियो निर्माण गर्ने योजना समावेश गरिएको थियो । डिसीका अनुसार सन् २०२६ भित्रै निर्माण पूरा गर्ने लक्ष्यसहित प्रक्रिया अघि बढाइएको छ ।
यसैबीच, धुलिखेल नगर र दक्षिण कोरियास्थित मुङ्गयोङ्ग नगरबीच भगिनी सम्बन्ध कायम गरिएको छ । धुलिखेलको ३९औँ स्थापना दिवसकै अवसरमा सोमबार दुई नगरबीच स्थापित भगिनी सम्बन्ध–सझदारीपत्रमा ब्याञ्जु र मुङ्गयोङ्ग नगरका प्रमुख ह्युन कोक सिङ्नल हस्ताक्षर गरे । समझदारीपत्रमा संस्कृति, पर्यटन, शिक्षा र स्वास्थ्यलगायत विविध क्षेत्रमा सहकार्य गर्ने उल्लेख गरिएको छ ।

# जिम्मेवार पत्रकारिताका लागि रासस पहिलो श्रेणीमा



**झापा ।**
जिम्मेवार पत्रकारिताका लागि राष्ट्रिय समाचार समिति (रासस) पहिलो श्रेणीमा रहेको एक कार्यक्रमका वक्ताहरूले बताएका छन् । राससको ६४औँ वार्षिकोत्सवको अवसरमा भद्रपुरमा आयोजित ‘जिम्मेवार पत्रकारिता र राससको भूमिका’ विषय कार्यक्रममा वक्ताहरूले यस्तो बताएका हुन् । कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्य गणेश पोखरेलले नेपाली मिडियाका लागि रासस अनिवार्य र अपरिहार्य रहेको बताए । उनले नेपालका साना–ठूला सबै मिडियाले ५० प्रतिशतभन्दा बढी समाचार राससकै प्रयोग गर्ने गरेको उल्लेख गर्दै यसरी समाचार प्रयोग गर्दा स्रोत खुलाउनुपर्नेमा उनले जोड दिए । पोखरेलले आमनागरिकको अपेक्षाअनुसार आफ्ना समाचार उत्पादन गर्नुपर्नेमा बताए ।
नेपाल पत्रकार महासङ्घ झापा शाखाका उपाध्यक्ष सुब्रत न्यौपानेले राससजस्तो प्रभावकारी माध्यमले उत्पादन गर्ने समाचारमा विविधतालाई थप बढावा दिन आवश्यक रहेको बताए । उनले सामाजिक सञ्जालमा आउने भ्रामक समाचारलाई चिर्न राससको भूमिका महत्वपूर्ण हुने भन्दै समयसापेक्ष वेबसाइट परिमार्जन, अनुसन्धानमूलक समाचारमा जोड र साना मिडियालाई सहुलियत दरमा समाचार सेवा उपलब्ध गराउनुपर्ने सुझाव दिए ।
महासङ्घका शाखाका पूर्वअध्यक्ष एवम् अग्रज पत्रकार गोविन्दचन्द्र छेत्रीले झापामा २०२५ सालदेखि राससले सेवा प्रवाह गर्दै आएको स्मरण गर्दै यसको समाचार विश्वसनीय हुने विश्वास अझै रहेको बताए । ‘म धेरैतिर धेरै किसिमका समाचार हेर्छु, साँचो हो कि झुटो हो छुट्याउनै सकिँदैन,’ उनले भने, ‘तर राससले त्यस्तो भ्रमलाई चिर्ने गरेको छ । यो विश्वासलाई कायम राख्दै थप सुधारको खाँचो छ ।’
महासङ्घका पूर्वअध्यक्ष मोहन काजी, पूर्वअध्यक्ष तारामणि सापकोटा, प्रेस चौतारी झापा अध्यक्ष प्रदीप परियार, प्रेस युनियन झापा अध्यक्ष रेजिना गौतम, फोनिज झापाका अध्यक्ष अर्जुन राजवंशी, भद्रपुर प्रेस क्लबका अध्यक्ष राजबाबु शङ्कर, पत्रकार लेखनाथ परदेशी, देवेन्द्र किशोर ढुङ्गाना, रेवतीराज घिमिरे, अर्जुन कार्की, द्रोण अधिकारी, रमा दाहाल, खगेन्द्र भण्डारी, राजकुमार ओलीलगायतले वार्षिकोत्सवको शुभकामना दिँदै राससका समाचार अझ जनमुखी हुनुपर्नेमा जोड दिए । मिडिया क्षेत्र सङ्कटमा रहेकाले राससले सहुलियत दरमा आफ्ना सेवा दिनुपर्ने उनीहरूको भनाइ थियो । रासस भद्रपुर कार्यालय प्रमुख दीपक चन्दको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन राससकर्मी अम्बिका भण्डारीले गरेकी थिइन् । रासस

# प्रहरीलाई ‘चेन अफ कमान्ड’ मा आधारित संस्था बनाऔँ

**काठमाडौँ ।**
प्रतिनिधिसभाका सांसदहरुले नेपाल प्रहरीलाई व्यवस्थित, अनुशासित र ‘चेन अफ कमान्ड’ मा आधारित संस्थाका रुपमा स्थापित गरिनुपर्नेमा जोड दिएका छन् । प्रतिनिसभाको सोमबारको बैठकमा गृहमन्त्री रमेश लेखकले प्रस्तुत गरेको ‘नेपाल प्रहरी विधेयक, २०८१ माथि सामान्य छलफल गरियोस्’ भन्ने प्रस्ताव माथिको छलफलमा सांसद रामहरि खतिवडाले नेपाल प्रहरीको सेवालाई चुस्त र प्रभावकारी बनाउन विधेयक महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरे ।
नेपाल प्रहरीलाई कानून अनुरुप जनताको सारथी बनाउने पदतिको विकास गराउनु आवश्यक भएको उनको भनाइ थियो । कतिपय अवस्थामा राजनीतिक नेतृत्वको स्वार्थ अनुकूल प्रहरी सङ्गठन चलाउने प्रवृत्ति पनि रहेको स्मरण गर्दै उनले आगामी दिनमा यस्ता कार्यलाई अन्त्य गरी कानूनी रुपमा व्यवस्थित गरेर कार्यदक्षता र कार्यशैलीको आधारमा प्रोत्साहन गर्दै लैजानुपर्ने बताए ।
छलफलमा अर्का सांसद श्यामकुमार घिमिरेले प्रहरीसम्बन्धी विधेयक २०१२ सालपछि पहिलोपटक कानूनको रुपमा आएको बताए । सरकार फेरिएपछि प्रहरी नियमावली संशोधन गरेर अनुकुलको व्याख्या गर्ने प्रवृत्तिको विकास भएकामा एकीकृत रुपमा विधेयक आउनु राम्रो भएको उनको भनाइ थियो ।
सांसद योगेशकुमार भट्टराईले नेपाल प्रहरी ऐनलाई संशोधन गर्दै नयाँ ऐन बनाइनु सुखद् रहेको, संघीयता कार्यान्वयनका निम्ति विधेयक महत्त्वपूर्ण भएको बताए । प्रहरी सङ्गठनलाई व्यवस्थित गर्दै अपराध न्यूनीकरणमा प्रभावकारी बनाउन आवश्यक रहेको उनको भनाइ थियो । सांसद रञ्जुकुमारी झाले प्रहरी ऐन तत्काल ल्याउनुपर्ने आवश्यकता औँल्याउँदै ऐनको कार्यान्वयनपछि कमजोर पक्षलाई संशोधनमार्फत् सुधार गर्दै लग्न सकिने सुझाव दिइन् ।
अर्का सांसद ज्ञानबहादुर शाहीले प्रहरी नायब उपरीक्षक भएकालाई प्रहरी निरीक्षकको तालिम दिने व्यवस्था उचित नभएको बताए । संविधानसँग बाझिने गरी कानून बनाउन नहुने उनको भनाइ थियो । सांसद प्रेम सुवालले विदेशी मुद्राको लोभमा प्रहरीलाई प्रशिक्षण, तालिम र अध्ययनमा विदेश पठाउन नहुने व्यवस्था गर्नुपर्ने बताए । सीमा अतिक्रमण र सीमा सुरक्षा प्रहरीलाई जिम्मा दिनुपर्ने उनको धारणा थियो ।
सांसद सुशीला थिङले विधेयकले सङ्गठनलाई सुदृढ बनाउने विश्वास व्यक्त गरिन् । अपराध अनुसन्धानमा प्रहरीले प्रमुख जिल्ला अधिकारीको अनुमति लिनुपर्ने व्यवस्थाप्रति उनले असन्तुष्टि जनाइन् । सांसद चन्दा कार्की (भण्डारी) ले गृह मन्त्रालयले नीति निर्माण गरी परिचालनको अधिकार प्रहरी सङ्गठनलाई दिनुपर्ने सुझाव दिइन् । उनले प्रहरी सङ्गठन स्वायत्त हुनुपर्ने भनाइ राखिन् । सशस्त्र प्रहरी र नेपाल प्रहरीको कार्यक्षेत्र एवम् अधिकार स्पष्ट छुट्याउनुपर्ने आवश्यकता उनले औँल्याइन् ।
अर्का सांसद विराजभक्त श्रेष्ठले नयाँ प्रहरी ऐनलाई आधुनिक, व्यावसायिक र उत्तरदायी प्रहरी सङ्गठन निर्माण गर्ने सुझाव दिए । प्रहरी सङ्गठनको परिचालन, कार्यविभाजन र अनुसन्धान प्रक्रियामा स्पष्टता आवश्यक रहेको उनको भनाइ थियो । सांसद रोशन कार्कीले प्रहरी सङ्गठनको स्वायत्ततामा जोड दिँदै गृह मन्त्रालयको नियन्त्रणमा नभई निर्देशनका आधारमा सञ्चालन गर्नुपर्ने बताइन् ।
सांसद धुरवबहादुर प्रधानले प्रहरीभित्रको ‘चेन ब्रेक’ गर्ने व्यवस्था राख्न नहुने बताए । सांसद देवेन्द्र पौडेलले विधेयक प्रहरीको सेवा सुविधा र शर्तमा केन्द्रित भए पनि शासन प्रणालीमा रुपान्तरण गर्ने कुरा नमिलेको बताए ।
सांसद ठाकुरप्रसाद गैरेले विधेयकलाई जनउत्तरदायी बनाउनेमा केन्द्रित हुन आवश्यक भएको बताए । प्रहरीको तल्लो तहका जवानको उच्च मनोबल वृद्धि गर्ने गरी प्राथमिकतामा राखेर विधेयक आउनुपर्नेमा उनले जोड दिए । सांसद सुदन किराँतीले प्रहरीलाई जनउत्तरदायी बनाउनुपर्नेमा जोड दिँदै उनीहरुका लागि शिक्षा, स्वास्थ्य निःशुल्क र रासनभत्ता वृद्धि गर्न सुझाव दिए । सांसद एकनाथ ढकालले प्रहरी सङ्गठनलाई प्रविधिमैत्री बनाउनुपर्ने बताए । राजनीतिक हस्तक्षेप हटाउन विधेयकले स्पष्ट व्यवस्था गर्नुपर्ने धारणा उनले राखे । सांसद माधव सापकोटाले विधेयकले प्रहरी सङ्गठनको चेन अफ कमान्ड भत्काउन दिन नहुने र जनउत्तरदायी बनाउनुपर्नेमा जोड दिए । सांसद प्रकाश ज्वालाले विधेयकले प्रहरी सङ्गठनलाई राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउनुपर्ने बताए । अर्का सांसद बासुदेव घिमिरेले विधेयकमा नियुक्ति प्रणालीमा पारदर्शिता र योग्यता सुनिश्चित गरिएको बताए । बैठकमा सांसदहरु शेरबहादुर कुँवर, अशोककुमार चौधरी, शिशिर खनाल, रामप्रकाश चौधरी, सुशीला सिरपाली ठकुरी, नारायणी शर्मा, दुर्गा राईलगायतले प्रहरी विधेयकका विषयमा विचार राखेका थिए । रासस


## बिहान ५ बजे नै पिडिएफ उपलब्ध



मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

**मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्**

# तालिम सञ्चालनका नाममा ठगी गरेको आरोपमा चारजना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको जीतपुरसिमरा उपमहानगरपालिका २ सिमरामा कार्यालय खोलेर तालिम सञ्चालनका नाममा ठगी गरेको आरोपमा प्रहरीले चारजनालाई पक्राउ गरेको छ । युनिभर्सल भिजीनरी युथ इन्टरप्रेनरर्सका नाममा ठगी गरेको आरोपमा उनीहरुलाई प्रहरीले पक्राउ गरेको हो । पक्राउ पर्नेमा बाराको जीतपुरसिमरा उपमहानगरपालिका ३ का सुमित पटेल, वीरगंज महानगरपालिका २२ का सुमन साह, वीरगंज महानगरपालिका २३ का आर्यनकुमार दास र नवलपरासीको कावासोती नगरपालिका १४ की रिता सुनार रहेका छन् ।
वीरगंज महानगरपालिका वडा नम्बर २८ बस्ने प्रदिप पटेल सहितका ७ जनाले आफूहरु ठगिएको निवेदन इलाका प्रहरी कार्यालय सिमरामा दिएपछि आइतबार प्रहरीले उनीहरुलाई कार्यालयबाटै पक्राउ गरेको हो । सो समूहले साना किसान कृषि सहकारी डुमरवानाको सिमरा शाखा रहेको भवनमा गत मंसिर १ गतेबाट कार्यालय खोलेको पाईएको छ ।

पक्राउ परेका मध्य सुमित पटेलले युनिभर्सल इन्टरप्रेनर्सको सिमरा शाखा प्रमुखका रुपमा घरभाडा सम्झौतामा हस्ताक्षर गरेका छन् । सामाजिक सञ्जाल फेसबुकमा ग्रुप बनाउने र यूवाहरुलाई त्यसमा जोडेर नेटवर्किङ व्यापारमा लगाउने गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको ईलाका प्रहरी कार्यालय सिमराले जनाएको छ । वीरगंज महानगरपालिका वडा नम्बर २८ बस्ने प्रदिप पटेलसँग एकलाख ५० हजार, रौतहट देवाही गोनाही नगरपालिका ७ बस्ने राम उजैन कुशवाहासँग ९० हजार, वीरगंज महानगरपालिका २२ बस्ने लालबाबु कुशवाहासँग ९० हजार, पर्साको बहुदरमाई नगरपालिका ६ का निकेशकुमार कुशवाहासँग ५५ हजार, पर्साको जगरनाथपुर गाउँपालिका ३ बस्ने संदिप यादवसँग २ लाख ८० हजार, बाराको सिम्रौनगढ नगरपालिका १० रमेशकुमार बैठासँग ९० हजार, पर्साको पोखरिया नगरपालिका १ का उपेन्द्र पासवानसँग ९० हजार गरी कुल ७ लाख ५५ हजार रुपैयाँ सो समुहले ठगी गरेको निवेदन ईलाका प्रहरी कार्यालय सिमरामा परेपछि प्रहरीले उनीहरुको कार्यालयबाटै नियन्त्रणमा लिएर अनुसन्धान थालेको हो । पक्राउ परेकाहरुलाई प्रहरीले जिल्ला अदालत बाराबाट ५ दिनको म्याद लिएर अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय सिमराकी प्रहरी नायब उपरीक्षक शुभद्रा लामाले जानकारी दिइ । शुरुमा यूवाहरुलाई सदस्य बन्न प्रेरित गर्ने, त्यसपछि तालिमका नाममा शुल्क लिने र विभिन्न बस्तुको प्रत्यक्ष व्यापारमा संलग्न गराउने गरेको आरोप उक्त समूहमाथि छ ।
२०७९ चैत्रमा कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएको यूनिभर्सल युथ भिजनरी इन्टरप्रेनेर्स प्रा.लि.को मुख्य कार्यालय चितवनको भरतपुरमा रहेको कम्पनीका सञ्चालक मिलन श्रेष्ठले बताए । कम्पनीका सञ्चालक श्रेष्ठले नयाँ इतिहासलाई उपलब्ध गराएको कम्पनीको कागजात अनुसार उक्त कम्पनीले सिमरामा शाखा स्थापना गर्न जीतपुरसिमरा उपमहानगरपालिकामा व्यवसाय दर्ता समेत गरेको छ । जीतपुरसिमरा उपमहानगरपालिकामा व्यवसाय दर्ता गर्दा अध्ययन, अध्यापन तथा परामर्श सेवा सञ्चालन गर्ने गरी व्यवसाय दर्ता गरेको उक्त कम्पनीले बस्तुको प्रत्यक्ष विक्रीका लागि यूवाहरुलाई प्रेरित गर्ने उद्देश्यले तालिम सञ्चालन गरेको पाईएको छ ।

# जनमत पर्साको भेला सम्पन्न




**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टी पर्साको जिल्ला समन्वय समितिको बिस्तारित बैठक जिल्ला अध्यक्ष ओमप्रकाश सरार्फको अध्यक्षतामा पोखरियामा सम्पन्न भएको छ । बैठकलाई जिल्ला अध्यक्ष ओमप्रकाश सरार्फले सम्बोधन गर्दै पार्टीलाई जनमुखी र पर्सा जिल्लामा एक नम्बरको पार्टी बनाउने उदेश्यले ग २४ अभियानलाई प्रभावकारी एवम् तीब्र बनाउन जोड दिए ।
मधेशका मुख्यमन्त्री बेथिति र भ्रस्टाचार विरुद्ध चालेका सकारात्मक कदमले पार्टीको गरिमा बढेको र जनमानसमा जनमत प्रति आकर्षण र विश्वास बढेको जिकिर गरे । राजनीति समिति सदस्य सिपु तिवारीले सम्बोधन गर्दै आम जनताको आशा र भरोसा एवम् उतम विकल्प डा.सिके राउत र जनमत पार्टी नै रहेको उल्लेख गर्दै सबैलाई गोलबन्द हुन आग्रह गरे ।
बैठकमा केन्द्रिय सदस्यहरु अनुराग द्विवेदी, रम्भा मिस्रा, अनिता रौनियार, नजमा खातुन, वीरगंज महानगर अध्यक्ष महादेव शर्मा, युवा अध्यक्ष उदय यादव, महिला जिल्ला अध्यक्ष अन्जना गुप्ता, विद्यार्थी अध्यक्ष बिबेक झा, दलितको जिल्ला अध्यक्ष नरेश राम, वीरगंज महानगर युवा संयोजक संजय सिंह, विभिन्न पालिका अध्यक्षहरु एवम् जिल्ला समन्वय समितिका सदस्यहरुको सहभागिता रहेको थियो ।

# भूमिसम्बन्धी अध्यादेशको मधेश केन्द्रित दलद्वारा तीव्र विरोध

**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले ल्याएको भूमिसम्बन्धी अध्यादेशको मधेश केन्द्रित दलहरूले तीव्र विरोध गरेका छन् ।

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले यस अध्यादेशले सार्वजनिक जग्गा, वन, नदी किनार तथा अन्य संरक्षित क्षेत्र व्यक्ति विशेषलाई बाँड्ने बाटो खोल्ने भन्दै आपत्ति जनाएका छन् । लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ सहअध्यक्ष सर्वेनाथ शुक्लले भूमिहीन भन्दा भू–माफियालाई फाइदा पुग्ने गरी अध्यादेश ल्याइएको आरोप लगाए । उनले वन फडानी तथा सार्वजनिक सम्पत्तिको कब्जालाई वैधता दिने खतरनाक प्रवृत्ति जन्मिन सक्ने चेतावनी दिए । जनमत पार्टीका केन्द्रीय सचिव विश्वेश्वर प्रसाद(वीपी) साहले अध्यादेशमा त्रुटि रहेको भन्दै संशोधन आवश्यक रहेको बताए । उनले भूमिहीन मधेशी समुदायलाई प्राथमिकतामा राखेर मात्र जग्गा वितरण गर्नुपर्ने धारणा राखे । यस अध्यादेशले तराई–मधेश क्षेत्रमा पर्यावरणीय असन्तुलन निम्त्याउने, वन विनाश गर्ने र भूमिहीन समुदायलाई बञ्चित गराउने भन्दै विभिन्न दलहरूले सरकारलाई पुनर्विचार गर्न आग्रह गरेका छन् ।

# प्याब्सन क्रिकेट तथा फुटबल प्रतियोगिता शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
प्याब्सन अन्तर विद्यालय टी–२० नकआउट क्रिकेट तथा जुनियर फुटबल प्रतियोगिता शुरु भएको छ । प्याब्सन पर्साको आयोजनामा भएको उक्त प्रतियोगिताको वीरगंजस्थित नारायणी क्रिकेट मैदानमा सोमबार औपचारिक उद्घाटन गरिएको हो । प्याब्सन पर्साका अध्यक्ष सरोज प्रसाद चौधरीको सभापतित्वमा आयोजित कार्यक्रममा प्याब्सनका केन्द्रीय सदस्य डिके ढुङ्गाना र मधेश विश्वविद्यालयका उपकुलपति प्रा. डा. दीपक शाक्यले संयुक्त रूपमा उद्घाटन गरेका छन् । कार्यक्रमलाई सम्बोधन गर्दै ढुङ्गानाले विद्यालय नै खेलाडी उत्पादन गर्ने पहिलो थलो भएको उल्लेख गरे । प्याब्सनले शिक्षासँगै खेलकुद र अतिरिक्त क्रियाकलापलाई प्राथमिकतामा राखेर काम गरिरहेको उनको भनाई थियो ।

उनले खेलाडी विदेसिनु दुःखद भएको भन्दै नेपालमै खेलकुद विश्वविद्यालय स्थापना गरी खेल शिक्षा विकास गर्नुपर्नेमा जोड दिए ।

मधेश विश्वविद्यालयका उपकुलपति प्रा. डा. शाक्यले यस्ता प्रतियोगिताले विद्यार्थीको मनोबल उच्च बनाउने विश्वास व्यक्त गरे । पर्सा क्रिकेट सङ्घका अध्यक्ष मनिष सिंहले विद्यालय स्तरबाटै खेल गतिविधि सञ्चालन हुनु सकारात्मक भएको बताउँदै यसले दक्ष खेलाडी उत्पादनमा टेवा पु¥याउने उल्लेख गरे । प्रतियोगितामा पर्सा जिल्लाभरका प्याब्सनमा आबद्ध २७ विद्यालयको सहभागिता रहेको छ । क्रिकेटका खेलहरू फागुन १४ गतेसम्म नारायणी क्रिकेट मैदानमा सञ्चालन हुनेछ भने फुटबलका खेलहरू विपद् व्यवस्थापन गुल्म वीरगञ्जको खेलमैदानमा सञ्चालन भई फागुन १० गते समापन हुनेछ ।

# प्रहरीद्वारा पुनःस्थापना केन्द्रका सञ्चालकसँग अन्तरक्रिया



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले पुनःस्थापना केन्द्रका सञ्चालक एवम् प्रतिनिधिहरुसँग अन्तरक्रिया गरेको छ ।

छलफल कार्यक्रममा पर्साका प्रहरी प्रमुख गौतम मिश्रले सुधार केन्द्रमा सुरक्षाको अवस्था तथा भर्ना रहेका लागु औषध दुव्र्यसनीहरुको मानसिक अवस्थाबारे जानकारी लिएका थिए ।

प्रमुख मिश्रले पुनःस्थापना केन्द्रहरुलाई सावधानी अपनाएर सेवा प्रवाह गर्न निर्देशन दिएका छन् । पर्सामा १० वटा सुधार केन्द्र दर्ता रहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । सबै सुधार केन्द्रमा गरेर १३० जना लागु औषध दुव्र्यसनी भर्ना रहेको जनाइएको छ ।


## कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको विभिन्न शिर्षकका कर्जा सुविधाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३,नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानुनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, व्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

**१)ऋणीको नाम र ठेगाना**

क) कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा १ बमोजिम नेपाल सरकार, उद्योग ,वाण्जिय तथा आपूर्ति मन्त्रालय ,कम्पनी रजिष्ट्रारको कार्यलय ,त्रिपुरेश्वर,काठमाडौंमा मिति २०८०/०२/०२ गते दर्ता भै दर्ता नं. ३१३०२९/७९/०८० औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५ र औद्योगिक व्यवसाय नियमावली अनुसार अनुसुचि ४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २ , उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय, उधोग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय,पर्सा,विरगंजमा मिति २०७७/०७/२३ गते दर्ता भै उद्योग दर्ता नं.१२१७२/०७७/०७८ , अन्तर्गत दर्ता कायम भई जिराभवानी गा.पा. ०६, पर्सामा कार्यालय रहेको भण्डारी एकिकृत कृषि फर्म प्रा.लि.को प्रोप्राईटर स्व. तुल्सी भण्डारी थारुको नाति, स्व. कासी भण्डारी थारुको छोरा जिल्ला पर्सा, शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने(ना.प्र.न. ८४९३०९८० मिती २०३८/०८/२८ जि.प्र.का. पर्सा) बर्ष ६२ को विकाउ प्रसाद भण्डारी ।

ख) स्व. तुल्सी भण्डारी थारुको नाति, स्व. कासी भण्डारी थारुको छोरा जिल्ला पर्सा, शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने(ना.प्र.न. ८४९३०९८० मिती २०३८/०८/२८ जि.प्र.का. पर्सा) बर्ष ६२ को विकाउ प्रसाद भण्डारी ।

**कर्जाको सुरक्षण विवरण**

क) स्व. तुल्सी भण्डारी थारुको नाति, स्व. कासी भण्डारी थारुको छोरा जिल्ला पर्सा, शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने(ना.प्र.न. ८४९३०९८० मिती २०३८/०८/२८ जि.प्र.का. पर्सा) बर्ष ६२ को विकाउ प्रसाद भण्डारीको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा बिरगजं वडा नं १४ स्थित किता नं २७३ र २७४ को जम्मा क्षेत्रफल क्रमश ८४.६५ र ६७.७२ वर्ग मिटर को घरजग्गा ।

ख) स्व. तुल्सी भण्डारी थारुको नाति, स्व. कासी भण्डारी थारुको छोरा जिल्ला पर्सा, शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने(ना.प्र.न. ८४९३०९८० मिती २०३८/०८/२८ जि.प्र.का. पर्सा) बर्ष ६२ को विकाउ प्रसाद भण्डारीको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं ०९ स्थित किता नं. ५ र १९ को जम्मा क्षेत्रफल क्रमश ००५७५ र ००१९० वर्ग मिटर को जग्गा ,जिल्ला पर्सा सुपौलि वडा नं ०७ स्थित किता नं. २४० को जम्मा क्षेत्रफल ५४५१.९४ वर्ग मिटर को जग्गा तथा जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं ०६ स्थित किता नं.४५ को जम्मा क्षेत्रफल १७३३५ वर्ग मिटर को जग्गा ।

ग) स्व. कासी भण्डारी थारुको बुहारी, विकाउ प्रसाद भण्डारीको पत्नी जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.न ८४९३०९८१ जारी मिति २०४५/०१/०१ जि.प्र.का. पर्सा) बर्ष ६८ की **प्राणो देवी थरुनीको** नाममा दर्ता कायम रहेको जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं ०६ स्थित किता नं.१४,१५ को जम्मा क्षेत्रफल क्रमश ०१०२०, ११२०० वर्ग मिटर को जग्गा ।

घ) स्व. तुल्सी भण्डारी थारुको नाति, स्व. कासी भण्डारी थारुको छोरा जिल्ला पर्सा, शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.न. ८४९३०९८० मिती २०३८/०८/२८ जि.प्र.का. पर्सा) बर्ष ६२ को विकाउ प्रसाद भण्डारीको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा सुपौलि वडा नं ०७ स्थित किता नं ४४४, ३०१, १७१, ३०३,४८८, ३२७, १२१, ३२४, ३०२, ३२६ को जम्मा क्षेत्रफल क्रमश १५६६.१६, ६७७.२६, ५९२.५८, १६९३.१५, ९४८.१४, ३३८.६३, ५९२.५८, २१२.६७, १३५४.५२, १६९.३० वर्ग मिटर को घरजग्गा तथा जिल्ला पर्सा सुपौलि वडा नं ०३ स्थित किता नं. २९८ को जम्मा क्षेत्रफल १७७७.८० वर्ग मिटर को घरजग्गा ।

**व्यक्तिगत जमानीकर्ताहरु :**

क) स्व. कासी भण्डारी थारुको नाति, विकाउ प्रसाद भण्डारीको छोरा जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.न ८४९३१६७६ जारी मिति २०६२/११/१२ जि.प्र.का. पर्सा) बर्ष ३८ को **अनिल कपुर भण्डारी ।**

ख) विकाउ प्रसाद भण्डारीको बुहारी, अनिल कपुर भण्डारीको पत्नी जिल्ला पर्सा, पर्टेवा सुगौली गा.वि.स. वडा नं. ४ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.न ९०६०२४२८ जारी मिति २०६३/०६/०३ जि.प्र.का. पर्सा) बर्ष ३७ की **रिना कुमारी ।**

ग) स्व. कासी भण्डारी थारुको नाति, विकाउ प्रसाद भण्डारीको छोरा जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.न ३४१०७२/२३५ जारी मिति २०६८/०९/२९ जि.प्र.का. पर्सा) बर्ष ३० को **सन्तोष कपुर भण्डारी थारु ।**

घ) विकाउ प्रसाद भण्डारीको बुहारी, सुनिल कपुर भण्डारी थारुको पत्नी जिल्ला पर्सा, सुपौली गा.वि.स. वडा नं. १ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.न ३४६०७९/१६८ जारी मिति २०६७/१२/२४ जि.प्र.का. पर्सा) बर्ष ३० की **सिन्धु कुमारी थारु ।**

ङ) स्व. कासी भण्डारी थारुको नाति, विकाउ प्रसाद भण्डारीको छोरा जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.न ३४१०७२/७८ जारी मिति २०६६/०३/१७ जि.प्र.का. पर्सा) बर्ष ३१ को **सुनिल कपुर भण्डारी थारु ।**

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालयः
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर) ।

सम्पादकीय

# सुधार केन्द्र कि हत्याघर ?

*बाराको कलैया–१, बैंकरोडस्थित नवजन्म पुनःस्थापना (सुधार) केन्द्रमा एक सेवाग्राहीलाई कुटिकुटी मारिएको घटनाले यतिखेर सुधार केन्द्र सञ्चालकहरुको हैसियत, योग्यता, क्षमतामा मात्र होइन, नियतमै प्रश्न उठेको छ । दुई साताअघि मात्रै सुधार केन्द्रमा भर्ना गरिएका प्रदीपप्रसाद मण्डललाई निर्घात कुटपिट गरी हत्या भएपछि यो प्रश्न अरु जिउँदोजाग्दो भएको हो । लाजशरमको विषय त यो छ कि, कुटपिटको भिडियो नै भाइरल भइरहँदा कुटपिटमा संलग्नहरु फरार अभियुक्तका रुपमा दर्ज भएका छन् । सुधार केन्द्र र पुनःजन्मको साइनबोर्डभित्र भएको खुलेयाम हत्यामा संलग्नहरुलाई कानूनी दायरामा ल्याऊ भनेर आन्दोलन पो गर्नु परेको छ।*

*कलैयास्थित बारा उद्योग वाणिज्य सङ्घको सभाहलमा परिवारजनले आइतबार पत्रकार सम्मेलन गरेर कुटपिटमा परिवारका सदस्यको हत्या भएको र घटनामा संलग्न अभियुक्तमध्येका फरार दुई जनालाई चाँडो चाँडो पक्राउ गर्न आग्रह गरे । मृतकका दाजु श्यामप्रसाद धानुकले दोषी नउम्कियोस र निर्दोष नफसोस् भन्ने मागसहित पत्रकार सम्मेलन नै गनुपरेको बताए । माघ १७ गते मात्रै नवजन्म पुनःस्थापना (सुधार) केन्द्रमा प्रदीपलाई ल्याइएको थियो।*

*घटनासँग जो◌ेडिएका दुई फरार अभियुक्तलाई पक्राउ गर्न नदिन राजनीतिक चलखेल भइरहेको बताउँदै श्यामप्रसादले भाइ प्रदीपको हत्यामा संलग्न आरोपितलाई चाँडो पक्राउ गर्न माग गरेका हुन् । पुनःस्थापना केन्द्रका सञ्चालक कलैया–३ का साहेबबाबु मन्सुरसहित दुई जना सम्पर्कविहीन भनेर प्रहरीले बताएको छ । अनुशासन भङ्ग गरेको आरोपमा शारीरिक सजाय स्वीकार नगर्दा केन्द्रका परामर्शदातासहितले सामूहिक कुटपिट गर्दा कलैया उपमहानगरपालिका–९ का ३२ वर्षीय प्रदीप मण्डलको फागुन १ गते राति मृत्यु भएको हो । मुक्काले अनुहारमा कुटपिट गरिएको सङ्कलित प्रमाणमा देखिएको छ । बाराका प्रहरी प्रमुख सन्तोष तामाङले मध्यरातमा कोठाभित्र कुटपिट गरिएको बताएका छन् । 'मुर्गा' बनाउन खोजिँदा नमानेपछि कुटपिट भएको र घटना हत्यासम्ममा जोडिएको देखिएको छ । मण्डललाई दुई साताअघि परिवारले पुनःस्थापना केन्द्रमा राखेका थिए । पक्राउ परेका सात जनामाथि कर्तव्य ज्यान कसुरअन्तर्गत अदालतबाट सात दिनको म्याद थपको अनुमति लिइ हिरासतमा राखेर अनुसन्धान भइरहेको प्रहरीको औपचारिक भनाइ छ । कुटपिट गरिरहेको सिसीटिभीको फुटेज प्रहरीले सुरक्षित राखेको छ । भिडियो फुटेजमा शारीरिक यातना दिन खोजिएको र मृतक ओछ्यानको झुलमा लुक्न खोज्दा समेत तानेर कुटपिट गर्दै मारिएको पाइएको छ । यो भन्दा बेहद बदमासी अरु के हुनसक्छ ?*

*प्रहरीले कलैया उपमहानगरपालिका–१ का २४ वर्षीय अरूण सर्राफ, १९ वर्षीय सागर गुप्ता, वडा नम्बर २ का २१ वर्षीय परमेश्वर साह, कलैया–३ का १९ वर्षीय सरफराज मन्सुरी, वडा नम्बर ४ का २२ वर्षीय निरज सर्राफ र वडा नम्बर ६ का २० वर्षीय महम्मद आँसु मियाँ, वडा नम्बर ३ का २९ वर्षीय तमन्ना मन्सुरलाई पक्राउ गरेको छ । तर पुनःस्थापना केन्द्रमा सञ्चालकका तर्फबाट रेखदेख गर्ने र परामर्शदाताबाहेक मण्डलसहित १४ जना बस्दै आएका थिए । मृतकका परिवारजन र आफन्तले फरार अभियुक्तलाई चाँडो पक्राउ गरी कानूनी दायरामा ल्याउन माग गर्दै कलैयामा प्रदर्शन गरेका छन् । जनताको छोराछोरीलाई महिनाको १० हजार रुपैयाँ दिने शर्तमा सुधार केन्द्रमा राखेर सुधार गर्छु भन्दै ज्यानहरण गर्ने अपराधमा राजनीतिक छोपछाप घिनलाग्दो छ । यसमा प्रहरीले डराएर कारबाही नगरे जनआक्रोश थेग्न नसक्ने भयो भने यसमा दोष कसको ?*

# प्रजातन्त्र र समाजवाद उन्मुख अर्थतन्त्र



शीतलप्रसाद महतो

मुलुकको आर्थिक रूपान्तरण अहिलेको आम चासोको मुख्य विषय हो । पछिल्लो समय यो राजनीतिक असन्तुष्टि पोख्ने मुख्य मुद्दा पनि बनेको छ । मुलुकमा प्रजातन्त्र स्थापना भएको चार दशकभन्दा बढी भइसक्दा पनि आमनागरिकको आर्थिक अवस्थामा बदलाव ल्याउन नसकेकामा आम असन्तुष्टि तीव्र देखिन्छ।

आर्थिक रुपान्तरण हुन नसक्दा मुलुकमा गरिबी, बरोजगारी र असमानता झन् बढ्दो छ । यसो हुनुका प्रमुख कारण राजनीतिक अस्थिरता र छिटोछिटो सरकार परिवर्तनलाई देखाइने गरिन्छ । त्यसो त सरकार परिवर्तनको कार्यलाई लोकतान्त्रिक अभ्यासको रुपमा व्याख्या गरिएको छ । नेपालको संविधानले समाजवादोन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको समावेशी राष्ट्रको रुपमा आफूलाई स्थापित गरेको छ।

हुन त समाजवाद, सामाजिक न्याय र समानताका लागि आवश्यक छ । अर्को अर्थमा भने हो भने समाजको हित नै समाजवाद हो । वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र सबैप्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक शासन पद्धतिको माध्यमद्वारा दिगो विकास, सुशासन र समृद्धि गर्नु नै समाजवादी अर्थव्यवस्थाको मूल लक्ष्य रहेको छ।

यो लक्ष्यमा पुग्नका लागि मुलुकको सङ्घीय संरचनामा तीन तहको सरकारको व्यवस्था गरेको छ । मुलुकमा उच्चस्तरको आर्थिक रुपान्तरण हासिल गर्ने हो भने तीनै तहका सरकारले गरिब, विपन्न र आर्थिक तथा सामाजिक रुपमा पिछडिएका वर्ग एवं समुदायलाई राष्ट्रिय विकासको मूलप्रवाहमा ल्याई उनीहरुलाई राज्यको उत्पादनशील स्रोत साधनमाथिको पहुँच, उपभोग र नियन्त्रणमा समानता र न्याय स्थापना गर्नै पर्दछ।

वास्तवमा राणाशासनको अन्त्य गर्दै २००७ फागुन ७ गते स्थापना भएको प्रजातन्त्रले नै मुलुकमा आर्थिक विकासको जग राखेको थियो । २०४६, २०६३ र २०६५ सालको परिवर्तनको जग र २०७२ सालको संविधानको आधार पनि २००७ सालको प्रजातन्त्र नै हो । त्यसैले प्रजातन्त्रलाई बलियो बनाउनु गणतन्त्र र सङ्घीयताका उपलब्धिलाई संस्थागत गर्ने आधार पनि हो। प्रजातन्त्रका उपलब्धिको लाभ आम जनसमुदायसम्म पुर्‍याउन राज्यका सबै संरचनामा जनताको सहभागिता आवश्यक हुन्छ । राज्यका सबै संरचनामा जनताको सहभागिता प्रजातन्त्रमा मात्र सम्भव हुन्छ।

प्रजातन्त्रको विकल्प भनेको अझ उन्नत लोकतान्त्रिक अभ्यास मात्र हुन्छ । कुनै पनि मुलुकलाई अगाडि बढाउने दिशामा त्यहाँको संविधान नै मूलदृष्टि र मार्गचित्र हुने गरेको छ र हुनु पनि पर्दछ । मुलुकमा सङ्घीयताको कार्यान्वयनसँगै आम नागरिकले आधारभूत वस्तु तथा सेवाको सुनिश्चित, गरिबीबाट मुक्ति, रोजगारीको उपलब्धता, सामाजिक न्याय र समता, सामाजिक कल्याण र सुरक्षा, स्वतन्त्रता, नागरिक तथा राजनीतिक अधिकारको प्रत्याभूति, मानवअधिकारको सम्मान, स्वच्छ र सफा प्राकृतिक वातावरण, सक्षम सुदृढ, सबल र प्रभावकारी प्रशासकीय संयन्त्र र सेवाप्रवाहमा गुणस्तरीयता सहितको सबैले अनुभूति गर्न सक्ने विकासको अपेक्षा गरेका छन्।

नेपालको संविधानको मूल सार नै समाजवादोन्मुख राष्ट्र निर्माण गर्ने उल्लेख भएबाट नेपालको आगामी यात्रा समुन्नत समाजवादी राष्ट्र निर्माणतर्फ केन्द्रीत भएको स्पष्ट छ । त्यसैले हाम्रो विकासको अवधारणा अब उपेक्षित, शोषित र बहिष्करणमा परेका समुदायको समानुपातिक समावेशीकरण, जोखिम व्यवस्थापन, सुशासनको प्रत्यभूति, दिगो शान्ति तथा समावेशी र समानुपातिक समन्यायिक विकास सहित राजनीतिक, आर्थिक, सामाजिक, वातावरणीय र प्रशासकीय समुत्थानतर्फ केन्द्रित हुनुपर्दछ।

समाजवाद उन्मुख आर्थिक विकासका लागि स्थानीय, प्रदेश र सङ्घीय तहमा आर्थिक, सामाजिक र वातावरणीय विकास तथा प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी नीति कस्तो हुनुपर्छ भन्ने कुरामा अब बहस चलाउनु आवश्यक छ । त्यसैले अबको हाम्रो लक्ष्य भनेको नै सङ्घीयता कार्यान्वयनमार्फत समृद्ध र सम्मुन्नत नेपालको निर्माण गर्नु नै हो । यसैतर्फ नेपालका नीति तथा कार्यक्रम उन्मुख हुनुपर्छ।

स्रोतसाधन र सम्पत्तिको न्यायोचित बाँडफाँट




सङ्घीयता त्यतिबेला प्रभावकारी हुन्छ, जब राज्यका तीनै तहसँग स्रोतसाधनको उपयुक्त पहुँच र अधिकार सुनिश्चित हुन्छ । स्थानीय तह, प्रदेश र केन्द्रीय सरकारबीच एवं प्रदेश–प्रदेश र प्रदेश–स्थानीय तहबीच सम्पत्ति तथा आम्दानीको यथोचित बाँडफाँट नै सङ्घीयतामा आधारित शासन प्रणालीको सफलताको प्रमुख शर्त हो । त्यसैले सङ्घीय संरचनामा मुलुकको साधन र स्रोतको न्यायोचित बाँडफाँटलगायतका काम गर्न संवैधानिक अङ्गका रुपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको परिकल्पना संविधानले गरेको छ।

मुलुकमा उपलब्ध साधनस्रोत र आम्दानी कसरी विभिन्न तहबीच बाँडफाँट गर्ने भन्ने प्रस्ट विधि निर्धारण गर्न तत्काल राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग गठन गनुपर्ने अहिलेको अपरिहार्य आवश्यकता छ । वास्तवमा समाजवादी शासन अर्थ व्यवस्थाका मूलभूत विशेषता भनेको नै उत्पादकत्व वृद्धि, उत्पादनका साधनस्रोतमाथि स्थानीय, समुदाय, उत्पादक र श्रमिक वर्गको पहुँच र नियन्त्रणको सुनिश्चित, खुला र प्रतिस्पर्धी बजारको विकास एवं पुँजीमा वृद्धि, समन्यायिक कर प्रणाली, पुँजीको पुनःवितरण र स्वतन्त्र सामुदायिक जनसङ्गठनको विकास र समृद्ध समावेशी राष्ट्र निर्माण आदि हुन् । नेपालको प्राकृतिक स्रोतसाधन (जल, जङ्गल, जमिन) को दिगो व्यवस्थापन गर्दा समाजवादी अर्थव्यवस्थाका यिनै विशेषताहरुलाई आधार मानेर गर्नुपर्छ।

**(क) उत्पादकत्व वृद्धिः** नेपालको प्राकृतिक स्रोत साधन र उद्योग कलकारखानाको उत्पादन र उत्पादकत्व क्षमतामा व्यापक परिमाणमा वृद्धि गर्नुपर्ने हुन्छ । मुलुकमा राष्ट्रिय उत्पादकत्व वृद्धि हुन नसक्दा नै नेपालको अर्थतन्त्र परनिर्भरतातर्फ उन्मुख भएको छ । कृषिप्रधान मुलुक भएर पनि खाद्यान्नमा परनिर्भर हुनु परेको तीतो यथार्थ हामीसँग छ।

कूल गार्हस्थ्य उत्पादनमा विप्रेषणको महत्वपूर्ण योगदान देखिए पनि यसको अधिकांश हिस्सा अनुत्पादक क्षेत्रमा अर्थात उपभोगमा मात्र खर्च हुने गरेको छ । त्यस्तो उपभोग आयातित वस्तुबाट पूरा हुने हुँदा आयात वृद्धि भई व्यापारघाटा चुलिदैं गएको हो । 'हरियो बन नेपालको धन' भन्दा हामीलाई गर्ब लाग्ने गर्दथ्यो तर अहिले त्यो इतिहासमा सिमित भइसकेको छ।

हरियो बन सक्यो, चुरे विनासमा पनि तीब्रता हुँदैछ । नदीनाला र खोलाको ढुङ्गा बालुवामा माफियाहरुको विगबिगी कहिल्यै अन्त्य भएन । मुलुकमा वर्षेनी अर्बौं रुपैयाँ मूल्य बराबरको काठ र जडिबुटीबाट बनेका औषधि तथा सामग्री आयात भइरहेका छन् । तीन दशकअघिसम्म चामल निर्यात गर्ने नेपाल अहिले हरेक महिना सरदर दुई अर्ब रुपैयाँको चामल आयात गर्ने मुलुकमा परिणत भएको छ। विगत १० वर्षमा कृषिको वार्षिक उत्पादन तीन प्रतिशतभन्दा नबढेको तथ्याङ्क छ । कम्तिमा दुई तिहाई जनता कृषिमा आधारित भएर जम्मा एक तिहाई मात्र कूल गार्हस्थ उत्पादन गर्ने नेपालको कृषि उत्पादन र उत्पादकत्व बढाउने दीर्घकालीन कृषि योजना आयो र गयो पनि तर उपलब्धि जस्ताको त्यस्तै रह्यो । यस्तो अवस्थामा अब सङ्घीय, प्रदेश र स्थानीय सरकारले उपयुक्त प्रकारको नीति, कार्यक्रम बनाई यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ।

साथै, प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापनसँगै उत्पादन र उत्पादकत्व क्षमता अभिवृद्धि गर्नुपर्छ । त्यस्तै पुँजी, प्रविधि र व्यवस्थापनको माध्यमबाट नेपालको कलकारखाना र उद्योगको उत्पादन क्षमता र उत्पादकत्व वृद्धि गर्नुपर्छ।

**(ख) उत्पादक वर्ग (स्थानीय समुदाय र श्रमिक) को हकहितको रक्षाः** प्राकृतिक स्रोत साधन र उद्योग कलकारखानाहरु उत्पादनका साधन हुन् । यी उत्पादनका साधन स्रोतमाथि उत्पादक वर्ग अर्थात स्थानीय समुदाय र श्रमिक वर्गको अधिकार र सम्मानजनक सहभागिता भएन भने उत्पादकत्व वृद्धि हुन सक्दैन । यसका लागि उपयुक्त प्रकारका प्रविधि, पुँजी, सीप र लगानीको पनि उत्तिकै आवश्यकता पर्छ।

त्यसैले समाजवादोन्मुख राष्ट्र निर्माणका लागि प्राकृतिक स्रोतसाधनमाथि स्थानीय समुदाय, आदिवासी, जनजाति, दलित, महिला र गरिब तथा विपन्न वर्ग एंव समुदायको सार्वभौम अधिकारको सुनिश्चित नीतिगत र कानुनी रुपमा गर्नुपर्छ । किनभने प्राकृतिक स्रोतमा निर्भर समुदाय, उद्योग, कलकारखानामा काम गर्ने श्रमिक वर्ग नै प्रमुख रुपमा उत्पादक वर्ग हुन् । कुनै पनि मुलुकको सामाजिक, राजनीतिक, आर्थिक, वर्गीय, क्षेत्रीय, प्रादेशिक सबै समस्याहरुको सोझो सम्बन्ध त्यहाँको आर्थिक गतिविधिसँग गाँसिएको छ।

किनभने आर्थिक सम्बन्ध वा अन्तरसम्बन्धमा देखापर्ने जटिलता वा समस्याका कारण नै समाजमा सामाजिक, राजनीतिक, धार्मिक, वर्गीय, जातीय, लिङ्गीय विभेद्हरु सिर्जना हुन्छ । यिनै विभेद्हरु गहरिएर बढ्दै जाँदा समाजमा द्वन्द्व, विद्रोह र विखण्डनजस्ता कुराले प्रश्रय पाउँछन् । त्यसैले आर्थिक सम्बन्ध वा अन्तरसम्बन्ध तथा यसत्रबाट सिर्जित सामाजिक, प्रादेशिक र राष्ट्रिय तरङ्गहरुको विश्लेषण गर्नु भनेको नै मुलुकमा विद्यमान समस्या वा जटिलताहरुको सुक्ष्म रुपमा उपचार खोज्न सक्नु नै हो।

**(ग) स्वतन्त्र बजार र पुँजीको विकासः** प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन र उद्योग कलकारखाना एवं सेवा क्षेत्रबाट भएको उत्पादनलाई बजारमा स्वतन्त्रतापूर्वक प्रवेश गर्न दिई पुँजीबजारको विकास गर्न दिन सक्नुपर्छ । स्थानीयदेखि राष्ट्रिय उत्पादनको सुरक्षाका लागि राज्यले आवश्यक नीति, कार्यक्रम र बजेट विनियोजन गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । किनभने स्वतन्त्र बजार र पुँजीको विकास नै समाजवादी अर्थव्यवस्थाको मूल मर्म हो।

**(घ) समन्यायिक कर प्रणालीः** कर तिर्नु प्रत्येक नागरिकको कर्तव्य र दायित्व पनि हो । त्यस्तै नागरिकबाट सङ्कलित करको सही र उपयुक्त उपयोग गर्नु राज्यको दायित्व हो । तर नेपाली समाजमा कर तिर्नुपर्छ भन्ने मान्यता स्थापित भइनसकेको अवस्थामा आम नागरिकलाई सहजरुपमा कर तिर्ने वातावरणको सिर्जना गर्नु राज्यको कर्तव्य हो । नागरिकले कर तिरेअनुसारको सेवासुविधा प्रदान गर्न नसक्नु र सोही करको दुरुपयोग गर्दै पहुँचवालाहरुले व्यक्तिगत प्रयोजनमा खर्च गर्ने प्रवृति नै यसको प्रमुख कारण हो।

राज्यलाई प्रभाव पार्न सक्ने सीमित व्यक्तिले यसरी करको दुरुपयोग गर्दा सम्रग कर नीति र प्रणालीप्रति नै आम जनताको नकारात्मक सोच उत्पन्न हुनु दुर्भाग्यपूर्ण हो । स्वतन्त्र बजार र पुँजीको विकास संगै त्यसकाट हुने आम्दानीमा समन्यायिक कर प्रणालीको विकास गर्नुपर्छ । यसो भन्नुको अर्थ धेरै आम्दानी गर्नेले धेरै कर तिर्ने र कम आम्दानी गर्नेले कम कर तिर्ने र कमाई गर्न नसक्ने गरिब, विपन्न वर्गले कर छुट प्राप्त गर्ने कर प्रणाली नै समन्यायिक कर प्रणाली हो।

**(ङ) पुँजी र राजस्वको न्यायोचित वितरणः** समाजवादोन्मुख समृद्ध राष्ट्र निर्माणका लागि आर्जन गरेको पुँजी र जम्मा भएको राजस्वलाई स्थिर भएर राख्नुभन्दा यसको न्यायोचित परिचालन गर्नुपर्छ । यस्तो पुँजी र राजस्वको बाँडफाँट गर्दा गरिब, विपन्न जनताको जीविकोपार्जनको समस्या समाधान गर्न ज्येष्ठ नागरिक, विधुवा, शारीरिक असक्त, बालबालिका आदिका लागि बिशेष भत्ता व्यवस्था गर्नुपर्छ । यसैगरी पिछडिएको वा पछाडि पारिएको दुर्गम र अन्य क्षेत्रमा विशेष बजेट र कार्यक्रम सञ्चालन गर्नुपर्छ।

साथै, मानवीय पुँजी बढाउन, भोकमरी कम गर्न र खाद्य सुरक्षा कायम गर्नमा यसले महत्वपूर्ण योगदान गर्छ । त्यस्तै रोजगारी प्रवद्र्धन गरी समग्रमा समावेशी आर्थिक विकास एवं वृद्धि हासिल गर्नमा यसको भूमिका महत्वपूर्ण रहेको छ । आय र अवसरहरुमा सबैको समानुपातिक पहुँच बढाउने आर्थिक नीतिलाई बल पु¥याउने हुँदा सामाजिक सुरक्षा कार्यक्रमलाई विश्वका धेरैजसो मुलुकले आत्मसात् गर्दै आएका छन्।

सामाजिक सुरक्षा भनेको कुनै व्यक्ति वा लक्षित समूहलाई नगद हस्तान्तरण गर्नु भन्ने मात्र होइन, उनीहरुका लागि आयमूलक, अन्य मानवीय विकासको अवसर सिर्जना र कर सहुलियत, बजार सम्बन्ध, शैक्षिक र स्वास्थ्यजन्य पहुँच सुनिश्चित गर्नु पनि हो । सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत कुनै देशले वृद्धवृद्धा वा ज्येष्ठ नागरिक वा गरिबलाई सोझै नगद अनुदान दिइने व्यवस्था गरेका हुन्छन् भने धेरैजसो देशले त आयआर्जन र अन्य समान पहुँचको अबधारणालाई अभ्यास गर्दै आएका छन्।

**(च) स्वतन्त्र, आत्मनिर्भर र समृद्ध राष्ट्र निर्माणः** अभावबाट मुक्ति, दिगो र समानुपातिक विकास, स्वतन्त्रता र पहिचानसहितको आत्मसम्मानयुक्त जीवन आमनेपालीको अभिलाषा हो । सम्मानजनक र लाभजन्य रोजगारी सिर्जना गर्ने तथा आर्थिक असमानता घटाउँदै क्षेत्रीय र प्रादेशिक सन्तुलन कायम गर्ने, रोजगारमूलक, गरिबोन्मुख र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने, सुशासन र सेवा प्रवाहमा प्रभावकारिता देखाउने, भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासमा जोड दिई समावेशी विकाससहितका लक्षित कार्यक्रम सञ्चालन गर्ने जस्ता विषयहरु चुनौतीपूर्ण बन्दै गएका छन्।

त्यसैले अबको मुख्य दायित्व भनेको नै गरिबी निवारण, भूकम्पपछिको पुनःनिर्माण र मुलुकको आर्थिक तथा सामाजिक विकास एवम् सम्बृद्धि हुनुपर्छ । यसका लागि सरकार र राजनीतिक दल अत्यन्त गम्भीर भएर संघीयताको उपयुक्त अवधारणालाई प्रभावकारी र व्यवस्थित रुपमा कार्यान्वयनमा ल्याउन सक्नुपर्दछ । सङ्घीयतासहित समावेशी स्वरुपमा आधारित आर्थिक, सामाजिक, राजनीतिक र संस्थागत नीतिको अवलम्बनबाट मात्र आर्थिक समृद्धि र सामाजिक न्यायसहितको आर्थिक विकास हुन सक्दछ । त्यति भए मुलक अवश्य आर्थिकरुपले समृद्ध र समाजवादोन्मुख अर्थतन्त्रको विकास सुनिश्चित हुन्छ । रासस

# सांसदद्वारा समसामयिक विषयमा सरकारको ध्यानाकर्षण



**काठमाडौँ ।**
प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरुले खोटाङ हलेसी तुवाचुङ नगरपालिका–७ मा भएको आगलागी एवं समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

सांसद सरस्वती बजिमयले आइतबार भएको खोटाङको आगलागीमा पूजा सामग्री पसल र दोस्रो तल्लामा रहेको एक लघुवित्तको कार्यालयलगायतमा क्षति पुगेकाले पीडितलाई यथाशीघ्र राहत दिन माग गरिन् । आगलागीबाट हुनसक्ने ठूलो क्षतिबाट बचाउन सुरक्षाकर्मी, जनप्रतिनिधि र स्थानीयले योगदान गरेको पनि उनले सुनाइन् । सुरक्षाकर्मी, जनप्रतिनिधि र स्थानीयवासीले ग्यास सिलिन्डर बाहिर फालेका कारण आगो धेरैतिर फैलन नपाएको सांसद बजिमयले बताइन् ।

सांसद रघुजी पन्तले नेपाल दुई सदनात्मक संसदीय प्रणालीको अभ्यास गर्ने मुलुक भएको उल्लेख गर्दै एउटा सभाका एक सांसदले बोलेको विषयलाई अर्को सभाले खेद प्रस्ताव पारित गर्ने अभ्यास गलत भएको बताए । राष्ट्रियसभा वृद्धाश्रम नभई पाकाहरुको संसद् भएको उल्लेख गर्नुहुँदै प्रतिनिधिसभाका सांसदविरुद्ध खेदप्रस्ताव पारित गरिनु दुःखद् भएको धारणा राखे ।

सांसद रामकुमार राईले खोटाङको आगलागीमा सात करोड रुपैयाँको क्षति भएको, दुई घर जलेर नष्ट भएको सुनाए । नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, स्थानीय तहका जनप्रतिनिधिले मिलेर आगलागी नियन्त्रण गरेको उनले जानकारी दिए । तत्काल आगलागी पीडितलाई क्षतिपूर्ति र राहतको व्यवस्था गर्न उनले माग गरे ।

सांसद अशोककुमार चौधरीले चार घण्टापछि मात्र खोटाङको आगो निभाउन सकिएकाले सबै जिल्लामा दमकलको व्यवस्था गर्न माग गरे । आगो निभाउनका लागि पूर्वतयारी गर्न पनि उनले सुझाव दिएका थिए ।

सांसद वीरेन्द्रप्रसाद महतोले बलात्कारका घटनामा पीडितले आत्महत्या गर्ने अवस्था आउँदा पनि पीडित कानुनी कारबाहीको दायरामा नआउनु दुःखद भएको बताए । सांसद सीताकुमारी रानाले दैलेखको पश्चिम क्षेत्रका केही विद्यालयमा तनावसँग सम्बन्धित रोग फैलिएकाले अन्तिम परीक्षा सुरु हुने बेलामा यस्तो रोगको समाधान गरिनुपर्नेमा जोड दिए ।

सांसद सूर्यबहादुर थापा क्षत्रीले आइतबार संसद्मा प्रश्नोत्तर सकेर प्रधानमन्त्री निस्कँदै गर्दा बाहिर बसेका पत्रकारले तपाईं हिटलरको बाटोमा हिँड्न खोजेको हो भनी सोध्नु जायज नभएको र पत्रकार आचारसंहिता विपरीत भएको बताए । संसद्बाट निर्वाचित प्रधानमन्त्री हिटलर हुन नसक्ने उनको भनाइ थियो । पत्रकारले आफूलाई पनि हनुमान हो भनी प्रश्न सोध्ने गरेको उनको गुनासो थियो ।

सांसद सम्झना थपलियाले सिराहाकी रिंकुकुमार सदालाई केही व्यक्तिले सामूहिक बलात्कार गरेपछि सहन नसकी आत्महत्या गर्नुपर्ने अवस्थामा लगेको र प्रहरी मौन रहेकोप्रति सरकारको ध्यानाकर्षण गराइन् । यस्ता अपराधमा संलग्न निर्धक्क हिँड्ने वातावरण नबनोस् भन्नेमा पनि उनले गृहप्रशासनसमक्ष आग्रह गरेकी थिइन् । रासस

# अर्काले आएर देश बनाइदिँदैन हामीले नै बनाउनुपर्छः प्रधानमन्त्री



**दाङ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले तीनै तहका सरकार मिलेर विकास निर्माणका कामलाई सहकार्यका साथ अगाडि बढाउनुपर्ने बताएका छन् । लुम्बिनी प्रदेशसभाको बैठकमा सोमबार विशेष सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले कुनै पनि देश अर्काले आएर नबनाइदिने हुनाले आफ्नो देश आफैले बनाउनुपर्ने बताए ।

'४० वर्ष अगाडि छिमेकी चीन गरिबमुलुक थियो, अहिले आफ्नै मेहिनतले सम्पन्न भइसकेको छ । हामीले प्रविधि प्रयोगको ल्याकत बढाएर आफैँले देशको विकास गर्नुपर्छ', प्रधानमन्त्री ओलीले भने, 'कुन ठाउँमा के उत्पादन हुन्छ भन्ने पहिचान गरेर ठूलो परिणाममा खेती र उत्पादन गर्न सकेमा बजार पाइन्छ । त्यस कारण हामीले त्यस्ता उत्पादनमा लाग्नुपर्छ । उद्योग स्थापनाका लगानी विस्तार गर्नुपर्छ । त्यसका लागि सरकारका तर्फबाट सहजीकरण गर्नुपर्छ । तीन वटै तहका सरकार यसमा सहकार्यका साथ अगाडि बढ्नुपर्छ । केन्द्र सरकारले लगानी विस्तार र सूचना प्रविधि क्षेत्रको विकासका लागि विभिन्न अध्यादेश ल्याएको छ । कोही कसैले अरू कारणले विरोध गर्नु बेग्लै कुरा हो । आमरूपमा अध्यादेशप्रति उद्योगी, व्यवसायी र सूचना प्रविधि क्षेत्रमा नयाँ उत्साह ल्याएको छ । यसले स्वागत पाएको छ ।' रासस

# अर्थमन्त्री पौडेल अस्पतालबाट 'डिस्चार्ज'

**काठमाडौँ ।**
पोखरा भ्रमण वर्षका क्रममा बेलुन पड्किएर घाइते भएका उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल कीर्तिपुर अस्पतालबाट घर फर्केका छन् ।

अस्पतालमा दुई दिनदेखि उपचार गराइ रहेका पौडेल सोमबार 'डिस्चार्ज' भएका हुन् । पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यको स्वास्थ्य अवस्था सामान्य हुँदै गएको र उनलाई थप केही दिन अस्पतालमा राखिने पनि अस्पतालले जनाइएको छ ।

'दुवै जनाको जलनको घाउ निको हुँदै गएको र फोक्सोमा कुनै खराब असर परेको देखिँदैन । यस कारण उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेललाई अस्पतालबाट 'डिस्चार्ज' गर्ने निर्णय भएको छ,' कीर्तिपुर अस्पतालद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'मेयर धनराज आचार्यको पहिलेदेखि नै उच्च रक्तचापको समस्या भएको कारण हृदयरोग विशेषज्ञसँग परामर्श भईरहेकाले केही दिन थप उपचार हुने जानकारी गराइन्छ ।'

सङ्क्रमणको जोखिम कम गर्न मेयर आचार्यसँग भेटघाट गर्न बन्द गरिएको पनि अस्पतालले जनाएको छ । रासस

# परराष्ट्रमन्त्री र जापानी विदेशराज्यमन्त्री भेटवार्ता



**काठमाडौँ ।**
परराष्ट्रमन्त्री डा.आरजु राणा देउवासँग जापानका विदश राज्यमन्त्री मियाजी ताकुमाले सोमबार शिष्टाचार भेटवार्ता गरेका छन् । आठौँ हिन्द महासागर सम्मेलनमा सहभागिताका लागि ओमनको राजधानी मस्कटमा रहेका परराष्ट्रमन्त्री डा देउवा र जापानी राज्यमन्त्री ताकुमाबीच आज भेटवार्ता भएको हो ।

भेटका क्रममा नेपाल जापान सम्बन्धका विविध पक्षहरूका साथै दुई देशबीचको आपसी सम्बन्ध र साझा चासोका विषयमा कुराकानी भएको थियो । त्यस अवसरमा मन्त्री डा देउवाले नेपालको एक प्रमुख दाता राष्ट्रका रूपमा जापानले लामो समयदेखि नेपालको आर्थिक सामाजिक विकासका क्षेत्रमा पु¥याउँदै आएको सहयोगप्रति मन्त्री ताकुमामार्फत जापान सरकारलाई आभार व्यक्त गरेकी थिइन् ।

भेटका क्रममा नेपाल र जापानले आगामी वर्ष सन् २०२६ मा दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७० औँ वार्षिकोत्सव मनाउन लागेका विषयमा कुराकानी भएको थियो । त्यस अवसरमा नेपाल र जापानका तर्फबाट उच्चस्तरीय भ्रमण आदानप्रदान गर्नुपर्ने विषयमा पनि कुराकानी भएको थियो ।

त्यस अवसरमा नेपाल र जापानले गत वर्षमात्र सीपयुक्त जनशक्तिका विषयमा आगामी पाँच वर्षसम्मका लागि सम्झौता गरेको र यससम्बन्धी कार्यविधि नेपाल सरकारले पास गरिसकेकाले जापान सरकारको आवश्यक सहयोगबारे कुराकानी भएको थियो । साथै, मन्त्री डा. देउवाले नेपालमा गत सेप्टेम्बरमा आएको भीषण बाढीका कारण बिपी राजमार्गमा ठूलो क्षति पुगेकाले त्यसको पुनःनिर्माणका क्षेत्रमा आवश्यक सहयोगका लागि जापान सरकारसँग आग्रह गरेकी थिइन् ।

यस सम्बन्धमा प्रधानमन्त्री केपी शर्मा ओलीले पनि नेपालका लागि जापानी राजदूतसँग गत अक्टोबरमा आग्रह गरेको स्मरण पनि मन्त्री डा देउवाले आजको भेटका क्रममा जापानी राज्यमन्त्रीलाई जानकारी गराएको थियो । साथै मन्त्री डा देउवाले जापान सरकारलाई नेपालको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल तथा पोखरा विमानस्थलमा जापानबाट प्रत्यक्ष उडानका लागि पनि आग्रह गरेकी थिइन् ।

मन्त्री डा.देउवाले हाल काठमाडौँ नारिता प्रत्यक्ष उडान रहेकामा जापानबाट भैरहवा उडान गर्न सकिएमा लुम्बिनी जाने जापानी नागरिकलाई सहयोग पुग्ने र यसबाट नेपाल र जापानका बीचमा सांस्कृतिक पर्यटन प्रवद्र्धनमा सहयोग पुग्ने धारणा मन्त्री डा.देउवाले राखेकी थिइन् । यस विषयमा अध्ययन गरेर अघि बढ्ने प्रतिक्रिया जापानी मन्त्री मियाजीले दिएका थिए । रासस

# वन र निकुञ्ज क्षेत्रमा हुने डढेलो नियन्त्रणका लागि सजगता

**चितवन ।**
गर्मी समय सुरू भएसँगै निकुञ्ज र वन क्षेत्रमा हुने डढेलो नियन्त्रणका लागि सरोकारवाला चनाखो बन्न आग्रह गरिएको छ । फागुन लागेपछि वन क्षेत्रमा हुन आगलागीका कारण विभिन्न समयमा धनजनको क्षति हुने भएकाले निकुञ्ज र वन क्षेत्रमा आगलागी हुन नदिन सबैलाई अनुरोध गरिएको हो ।

डिभिजन वन कार्यालय र चितवन राष्ट्रिय निकुञ्जले वन क्षेत्रमा हुने डढेलो नियन्त्रणका लागि सबैलाई तयारी हुन आग्रह गरेका छन् ।

वन कार्यालयका सूचना अधिकारी देवीप्रसाद पौडेलका अनुसार कार्यालय मातहतका सवडिभिजनलाई पत्राचार गरिसकिएको छ । सबै सवडिभिजनमा अग्नि नियन्त्रण समूह गठन गरी आगो निभाउन, अग्नी नियन्त्रण रेखा स्थापना गर्ने लगायतका काम भइरहेको उनले बताए । बरण्डाभार क्षेत्रमा बढी मात्रामा आगोको जोखिम रहेकाले सबै क्षेत्रमा अग्नि रेखा कायम गरी यसलाई स्थापित गर्न आग्रह गरिएको छ । स्थानीय जनप्रतिनिधि र सरोकारवालाबीचको अन्तर्रक्रियासहित अग्नि नियन्त्रणका लागि परिचालन गर्न लागिएको उनले बताए । यसै अभियानका लागि कार्यालयले हरित स्वयंसेवक छनोटको काम सकेको उनले जानकारी दिए ।

वन रक्षकसहित हरित स्वयंसेवकले डढेलोका कारण हुन सक्ने क्षति न्यूनीकरण, डढेलो नियन्त्रणलगायत क्षेत्रमा काम गर्नेछन् ।

उनले भने, 'डढेलो नियन्त्रणका लागि आवश्यक सामग्री समुदायस्तरमा पु¥याइएको छ भने केही पु¥याउन बाँकी रहेको छ । हरेक सवडिभिजन क्षेत्रमा रहेको नेपाल प्रहरी एवं सुरक्षाकर्मीहरूलाई अग्नि नियन्त्रक सामग्री उपलब्ध गराउने तयारी गरेका छौँ ।' पानीको ट्याङ्की, फायर स्वाटर, वाटर ब्याग, वाइन्डब्लोर लगायतका सामग्री खरिद गरी वितरणको प्रक्रिया सुरू गरिएको उनले बताए ।

वन क्षेत्रमा घाँस दाउरा गर्न जाँदा चुरोट खाएर ठुटा ननिभाई फाल्ने, आगो लगाएर ननिभाई हिँड्ने जस्ता कार्यले गर्दा आगो बस्तीमा पस्ने गरेको उनले बताए । यसलाई रोक्नका लागि डिभिजन वन कार्यालयअन्तर्गत रहेका सामूदायिक वन, कवुलियती वन, धार्मिक वन र संरक्षित क्षेत्र परिषद्का उपभोक्तालाई सचेतनाका लागि अभियान चलाइएको उनले जानकारी दिए । वन कार्यालय मातहतमा ५४ हजार हेक्टरभन्दा बढी जमिनमा रहेको वन रहेको छ ।

यस्तै, चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरले मध्यवर्ती क्षेत्रबाट डढेलो सल्किने गरेको भन्दै उपभोक्तालाई सजग रहन आग्रह गरे । निकुञ्जको कूल क्षेत्रफल नौ सय ५२ दशमलव ६२ वर्ग किलोमिटर रहेको भए पनि मध्यवर्ती क्षेत्रमा घाँस दाउरा गर्न आउनेले आगो लगाइ दिँदा निकुञ्जको चुरे क्षेत्र बढी प्रभावित बन्ने गरेको उनले बताए ।

कतिपय स्थानमा निकुञ्जले घाँसेमैदान व्यवस्थापनका लागि आफैँ डढेलो लगाउने गरेको भए पनि अनियन्त्रित डढेलोका कारण वन र वन्यजन्तुमा नकारात्मक प्रभाव पर्ने भएकाले डढेलो लाग्न नदिने उपायको बारेमा स्थानीय उपभोक्तासँग छलफल गरिएको उनले बताए ।

अहिले निकुञ्जमा फायरलाइन निर्माण, सरसफाइ, अग्नि नियन्त्रण सामग्रीको मर्मतलगायत काम भइरहेको उनले जानकारी दिए । निकुञ्जमा प्रयाप्त मात्रामा अग्नि नियन्त्रणका लागि सामग्री नभए पनि उपलब्ध सामग्रीबाट काम लिइँदै आइएको छ । रासस

# कोही बालबालिका क्यान्सरको उपचारबाट वञ्चित हुनुपर्दैनः मन्त्री पौडेल



**काठमाडौं ।**
बाल क्यान्सरको निःशुल्क उपचारका लागि सघाउन नेपालले प्राप्त गरेको औषधिका लागि स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सहयोगी दाताहरूलाई धन्यवाद दिएका छन् ।

विश्व स्वास्थ्य संगठन र सेन्ट जुड चिल्ड्रेन्स रिसर्च हस्पिटलको पहलमा स्थापित ग्लोबल प्लेटफर्म फर एक्सेस टु चाइल्डहुट क्यान्सर मेडिसिन्सअन्तर्गत बालबालिकाको क्यान्सर उपचारमा प्रयोग हुने औषधिको पहिलो खेप प्राप्त गरेको हो । क्रमैसँग थप औषधि उपलब्ध हुने संगठनले जानकारी दिएको छ ।

मन्त्री पौडेलले आर्थिक अभावमा कोही पनि बालबालिका क्यान्सरको उपचारबाट वञ्चित हुनु नपरोस् भनेर मन्त्रालयले मङ्सिर १ गतेदेखि लागू हुनेगरी बाल क्यान्सरको निःशुल्क उपचार व्यवस्था गरेको स्मरण गर्दै प्राप्त सहयोग बाल क्यान्सरका कारण हुने मृत्युदर नियन्त्रणमा महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरे ।

'देशको प्रमुख स्वास्थ्य समस्या बनिरहेको क्यान्सर नियन्त्रणका लागि हामीले राष्ट्रिय क्यान्सर नियन्त्रण रणनीति अवलम्बन गरेर उपचारसँगै निरोधात्मक विधि प्रवद्र्धनका लागि काम गरिरहेका छौं,' मन्त्री पौडेलले सन्देशमा उल्लेख गरिएको छ, 'कोही पनि बालबालिका आर्थिक अभावमा क्यान्सरको उपचारबाट वञ्चित नहोउन् भनेर हामीले निःशुल्क उपचारको व्यवस्था गरेका छौँ ।' मन्त्री पौडेलले क्यान्सरको उपचारलाई विस्तार गर्दै सबै प्रदेशमा पुर्याउने काम भएको भन्दै यसमा यसमा क्रमैसँग सुधार ल्याउने योजना रहेको उल्लेख गरेका छन् ।

प्राप्त औषधि भक्तपुर क्यान्सर अस्पताल, कान्ति बाल अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र भरतपुर क्यान्सर अस्पतालमा बाल क्यान्सरको उपचारका लागि उपयोग हुने मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले बताए । 'बाल क्यान्सरको निःशुल्क उपचार गर्ने मन्त्रालयको निर्णयमा यी औषधिले महत्वपूर्ण भूमिका खेल्नेछन्,' उनले भने, 'क्यान्सर नियन्त्रणमा प्रभावकारी काम गर्ने मन्त्रीको निर्णयमा बाल क्यान्सरको निःशुल्क उपचार एक महत्वपूर्ण निर्णय हो ।' रासस

# आइपिओ रोकिएको विषयमा इप्पानद्वारा ध्यानाकर्षण

**काठमाडौँ ।**
स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले विभिन्न कम्पनीहरूको आइपिओ निष्कासन प्रक्रिया रोकिएको विषयमा नेपाली काँग्रेस संसदीय दलको ध्यानाकर्षण गराएको छ ।

इप्पानले सोमबार लेखा समितिका सदस्य समेत रहेका नेपाली काँग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेलाई ध्यानाकर्षण पत्र बुझाउँदै आइपिओ तथा हकप्रद शेयरको सार्वजनिक निष्कासन रोकिएको विषयमा ध्यानाकर्षण गराएको हो ।

इप्पानका गणेश कार्कीले लेखा समितिले आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गएर नेपाल धितोपत्र बोर्ड (सेबोन)लाई निर्देशन दिँदा ४२ कम्पनीको आइपिओ र ३० भन्दा बढी कम्पनीको हकप्रद शेयर गरी ५० अर्ब रुपैयाँ भन्दा बढीको सार्वजनिक निष्कासन रोकिएको विषयमा जानकारी गराएका हुन् ।

इप्पानका पूर्वअध्यक्ष शैलेन्द्र गुरागाईंले सेबोनले डेढ वर्षदेखि सार्वजनिक निष्कासन रोक्दा जलविद्युत् आयोजनाको काम मात्रै प्रभावित नभएर जलविद्युत् आयोजनालाई सिमेन्ट डण्डीलगायत सामान बेच्ने उद्योगको व्यवसायमा ह्रास आएको दाबी गरे ।

इप्पानका उपमहासचिव प्रकाश दुलालले लेखा समितिले निर्देशनमा भनिएको 'रियल नेटवर्थ' भन्ने शब्दावली संसारभरको लेखा प्रणालीमा कतै पनि प्रयोगमा नरहेको बताए ।

'अहिले लेखा समितिले आइपिओ जारी गर्नका लागि ९० प्रतिशत रियल नेटवर्थ हुनुपर्ने भनेर निर्देशन दिएको छ । सेबोनमा निवेदन दिएका ४२ कम्पनीमध्ये चार वटा कम्पनीबाहेक सबैको नेटवर्थ ९० भन्दा बढी छ । बाँकी कम्पनीलाई किन शेयर जारी गर्न नदिएको ?', दुलालको प्रश्न थियो ।

प्रमुख सचेतकसँगको भेटमा इप्पानले संरक्षित क्षेत्रमा पूर्वाधार निर्माण रोक्ने सर्वोच्चको आदेश र विद्युत् विधेयकको बारेमा पनि कुरा उठाएको थियो ।

इप्पान अध्यक्ष कार्कीले अध्यादेशमार्फत सुधार भएका कानुनलाई अदालतले खारेज गरेर देशलाई पछाडि धकेलेको बताए । गत वर्षको लगानी सम्मेलन अघि विकास निर्माणमा अवरोध गर्ने विभिन्न ऐनहरुलाई अध्यादेशमार्फत संशोधन गरिएको थियो । संसदबाट अनुमोदन भइसकेको अध्यादेशलाई अदालतले खारेज गरेर २०२९ सालमा बनेको राष्ट्रिय निकुञ्ज ऐनमै फर्काइदिएको कार्कीको भनाइ छ ।

'अहिले पनि अध्यादेशबाटै ६ वटा कानुनहरु संशोधन गरेर व्यवसायीमैत्री बनाउन खोजिएको छ', कार्कीले भने, 'यो पनि अदालतले खारेज गरिदियो भने के होला ?'

विद्युत् विधेयक पनि २०४९ को भन्दा पछाडि फर्काउने गरी प्रस्ताव गरिएको भन्दै कार्कीले पहिले नै ५० वर्षका लागि भनेर दिएको जलविद्युत् आयोजनाको अनुमतिपत्रको अवधि अहिलेको विधेयकले ३५ वर्षमा सीमित गर्न खोजेको बताए ।

'६५ लाख सर्वसाधारणको लगानी भइसकेको र ५० वर्षसम्म आयोजना सञ्चालन गर्न पाइन्छ भनेर लाइसेन्स दिएर आयोजना बनाइसकेपछि बीचमै आएर ३५ वर्षपछि सर्वसाधारणको लगानीसहित सरकारलाई हस्तान्तरण गर्नुपर्छ भनेर कानुन बनाइन्छ भने यो क्षेत्रमा कसले किन लगानी गर्ने ?', कार्कीले अगाडि भने ।

विद्युत् ऐन २०४९ अनुसार लाइसेन्स जारी भइसकेका आयोजनाको हकमा २०४९ कै ऐनअनुसार हुने भनेर अहिलेको विधेयकमा उल्लेख हुनुपर्ने पूर्वअध्यक्ष शैलेन्द्र गुरागाईंले माग गरे । उनले विद्युत् विधेयक संसद्को पूर्वाधार विकास समितिमा छलफलकै क्रममा रहेकोले त्यहीँबाट यस्ता असमान व्यवस्थाहरू हटाएर अघि बढाउनुपर्ने बताए ।

नेपाली काँग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले इप्पानले उठाएका सबै विषयमा संसदमा आवाज उठाउने बताए । 'राज्य करले र व्यवसायी नाफाले चल्छन् । नाफा भएन भने कर आउँदैन । २÷४ पैसा कमाउने व्यवसायीलाई चोर फटाहा देख्ने सोचका कारण नेपाल धेरै पछि परेको हो', घिमिरेले भने । रासस

# दोधारा चाँदनी नगरपालिका वित्तीय सुशासनमा नतिजा विहीन



**कञ्चनपुर ।**
स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा सुदूरपश्चिम प्रदेशमै शुक्लाफाँटा नगरपालिकाले उत्कृष्ट नतिजा ल्याएको छ ।

आव २०८०÷८१ को स्थानीय तह वित्तीय सशासन जोखिम मूल्याङ्कनमा नगरपालिकाले ९५ अङ्क ल्याएर सुदूरपश्चिम प्रदेशमा दोस्रो र कञ्चनपुर जिल्लामा प्रथम भएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत् र प्रभावकारी बनाउनका लागि बर्सेनि स्थानीय तहको मूल्याङ्कन गर्दै आएको छ ।

योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन, कार्यान्वयन क्षमता व्यवस्थापन, लेखाङ्कन तथा प्रतिवेदन, अनुगमन मूल्याङ्कन तथा लेखापरीक्षण र राजस्व व्यवस्थापनमा गरी पाँच वटा बुँदामा मन्त्रालयले मूल्याङ्कन गर्दै आएको छ ।

सोही पद्धतिका आधारमा स्थानीय तहलाई मन्त्रालयले बजेट पठाउने गर्दछ । वित्तीय व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रको पहिचान गरी यसको लेखाजोखाको माध्यमबाट स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्न जोखिम मूल्याङ्कन गरिँदै आएको नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत खेमराज विष्टले बताए ।

उनका अनुसार नगरपालिकाले योजना, बजेट तथा कार्यक्रम व्यवस्थापनमा १९ दशमलव ५, कार्यान्वयन क्षमता तथा व्यव्थापनमा २७ दशमलव ५,लेखाङ्कन तथा प्रतिवेदनमा १७, मूल्याङ्कन तथा लेखापरीक्षणमा १५ र राजस्व व्यवस्थापनमा १६ अङ्क प्राप्त गरेको छ ।

जनप्रतिनिधि र कर्मचारीको प्रयास अनुसार नगरपालिकाले मूल्याङ्कन प्रक्रियामा उत्कृष्ट नतिजा हासिल गर्न सफल भएको नगर प्रमुख रणबहादुर महराले बताए । 'तोकिएको आधारमा बेरुजु फछ्र्यौट गर्न सफल हुँदा र निर्धारित समय अगावै नगरसभा गरी बजेट पास गर्न सकिँदा सुदुरपश्चिम प्रदेशमै उत्कृष्ट भएका छौं' उनले भने ।

स्थानीय तह वित्तीय सशासन जोखिम मूल्याङ्कनको प्रकाशित नतिजा अनुसार भीमदत्त नगरपालिकाले ७८ दशमलव ५, बेदकोट नगरपालिकाले ९३, कृष्णपुर नगरपालिकाले ७७, बेलौरी नगरपालिकाले ८२ दशमलव ५, पुनर्वास नगरपालिकाले ६६ दशमलव ५, बेलडाँडी गाउँपालिकाले ९० दशमलव ५ र लालझाडी गाउँपालिकाले ८८ दशमलव ५ अङ्क प्राप्त गरेको छ ।

दोधारा चाँदनी नगरपालिका भने स्थानीय तह वित्तीय सशासन जोखिम मूल्याङ्कनमा नतिजा विहीन अवस्थामा रहेको छ । रासस

# अन्तरराष्ट्रिय फुटबल खेल्न साम्बा स्वदेश फर्किइन्

**काठमाडौँ ।**
नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी 'फरवार्ड' सावित्रा भण्डारी (साम्बा) सोमबार स्वदेश फर्किएकी छिन् ।

फ्रान्समा व्यवसायी फुटबल खेलिरहेकी साम्बा नेपालले आयोजना गरेको चार देश सम्मिलित अन्तरराष्ट्रिय महिला फुटबल प्रतियोगिता खेल्न स्वदेश फर्केकी हुन् । उनलाई अखिल नेपाल फुटबल सङ्घ (एन्फा)का प्रवक्ता सुरेश शाहलगायतले अन्तरराष्ट्रिय त्रिभुवन विमानस्थलमा स्वागत गरेका थिए ।

यसअघि उक्त प्रतियोगिताका लागि सयुक्त अरब इमिरेट्स (युएइ) को लिग खेलिरहेकी रेखा पौडेल र ग्रिसमा व्यावसायिक फुटबल खेलिरहेकी नेपाली टोलीकी कप्तान तथा गोलकिपर एन्जिला तुम्बापो सुब्बा नेपाल फर्किएकी थिइन् ।



प्रतियोगितामा नेपालसहित कीर्गिस्तान, म्यानमार र लेबननको सहभागिता रहेको छ । प्रतियोगिताका खेलहरू राउन्ड रोबिनका आधारमा खेलिने छभने शीर्ष स्थान हासिल गर्ने दुई टोलीबीच फाइनल भिडन्त हुनेछ । प्रतियोगितामा नेपालको खेल सोमबार अनि यही फागुन ८ गते लेबनानसँग खेल्ने छ भने ११ गते म्यान्मासँग छ ।

नेपाली टोलीको 'गोलकिपर'मा कप्तान एञ्जिला तुम्बापो सुब्बासँगै अञ्जना राना मगर र उषा नाथ छन् । त्यसैगरी, 'डिफेन्डर'मा निशा थोकर, समीक्षा घिमिरे, अमृता जैशी, गीता राना, विमला विक, पूजा राना, बिमला चौधरी र मनमाया दमाईं छन् । त्यसैगरी, 'मिडफिल्डर'मा अनिता बस्नेत, रेनुका नगरकोटे, प्रीति राई, सरू लिम्बु, सविता राना मगर, रेनुका हमाल र सुष्मा तामाङ छन् ।

फरवार्डमा सावित्रा भण्डारी,रश्मीकुमारी घिसिङ, चन्द्रा भण्डारी, अनिता केसी र रेखा पौडेल छन् । रासस

# भोजपुरका किसानको आम्दानीको स्रोत बन्दै रुद्राक्ष



**भोजपुर ।**
रुद्राक्ष भोजपुरका किसानको राम्रो आम्दानीको स्रोत बनेको छ । यहाँका किसानले रुद्राश्र बिक्री गरेर मनग्य आम्दानीसमेत गर्दै आएका छन् । जिल्लामा रुदाक्षबाट १५ देखि २० करोडको हाराहारीमा रकम भित्रिने रुद्राक्ष व्यवसायी संघका सचिव उत्तम कटुवालले जानकारी दिए । बजारमा मुखद्धार दानाको मूल्य राम्रो रहेको सचिव कटुवालले बताए । २१ मुखे मुखद्धार एउटा दाना २० लाख रुपैयाँदेखि ६० लाख रुपैयाँसम्ममा बिक्री हुने गरेको उनको भनाइ छ । मुखद्धारबाहेकका दानाको भने मूल्य कम रहेको उनले बताए ।

'मुखद्धार रुद्राक्षको बजार मूल्य निकै राम्रो छ,' सचिव कटुवालले भने, 'मुखद्धार दानाको मूल्य आकारको आधारमा निर्धारण हुन्छ । २१ मुखे दाना २० देखि ६० लाख रुपैयाँसम्ममा बिक्री हुन्छ । जिल्लामा रुद्राक्षबाट १५ देखि २० करोड रुपैयाँको हाराहारीमा रकम भित्रिन्छ ।' आठदेखि २९ मुखसम्म भएको दानालाई मुखद्धार भनिन्छ । बजारमा सबैभन्दा बढी २१ मुखे दानाको माग रहेको छ । सचिव कटुवालका अनुसार आठमुखे, बाह्रमुखे मुखद्धार दाना आकारको आधारमा एक हजार पाँच सयदेखि पाँच हजारसम्म बिक्री हुने गरेको छ । त्यस्तै, १३ मुखे पाँच हजार रुपैयाँदेखि १५ हजारसम्म, १४ र १५ मुखे दाना आकारको आधारमा दश हजार रुपैयाँदेखि ५० हजारसम्म, १६ मुखे ५० हजार एक लाख रुपैयाँसम्म, १७ मुखे ७० हजार रुपैयाँदेखि दुई लाखसम्म, १८ मुखे डेढ लाख रुपैयाँदेखि चार लाखसम्म र २१ मुखेलाई २० लाख ६० लाख रुपैयाँसम्म पर्दछ । विगतमा बिक्री हुने पाँच र ६ मुखे दानाको भने बजारमा माग नरहेको उनले जानकारी दिए ।

दाना राम्रो बनाउने बहनामा किसानले औषधिको प्रयोग गर्ने गरेकाले रुख मर्ने समस्या देखिएको उनको भनाइ छ । विगतमा प्राकृतिक रूपमा (औषधि प्रयोग नगरी) उत्पादन भएका रुद्राक्षका बोटमा कमै मात्र भए पनि गुणस्तरीय मुखद्धार दाना फल्ने भएकाले राम्रो मूल्यमा बिक्री हुने गरेको थियो । औषधिको प्रयोगले उत्पादनमा वृद्धि भए पनि मूल्यमा भने कमी आएको उनको भनाइ छ ।

उत्पादन भएको रुद्राक्षको बजारीकरणमा समस्या रहेको षडानन्द नगरपालिका दिङ्लाका स्थानीय रुद्राक्ष व्यवसायी सुजन राईले बताए । रुद्राक्षलाई वन पैदावरको रूपमा राखिएकोले बिक्री–वितरणमा समस्या रहेको छ । रुद्राक्षलाई राज्यले नगदेबालीको रूपमा राखिदिए थप सहजता हुने उनले बताए । दिङ्ला क्षेत्रमा दुई हजारभन्दा बढी किसानले व्यावसायिक रूपमा रुद्राक्षको खेती गरेको राईले बताए ।

'यहाँका अधिकांश किसानको मुख्य आम्दानीको स्रोत नै रुद्राक्ष हो,' उनले भने, 'हाम्रो दिङ्ला क्षेत्रमा मात्र दुई हजारभन्दा बढी किसानले व्यावसायिक रूपमा यसको खेती गरिररहेका छन् । रुद्राक्षलाई वन पैदावरको रूपमा राखिँदा बजारीकरणमा समस्या छ ।' षडानन्द नगरपालिकाको नेपालेडाँडा, कुदाकाउले, देउराली, मूलपानी केउरेनीपानी, साल्पासिलिछो गाउँपालिकालगायत जिल्लाका विभिन्न ठाउँमा रुद्राक्षको खेती हुने गर्दछ । रुद्राक्षको दाना चोरी हुने, बोट काटिदिने समस्या बढ्ने भएकाले किसानले यसको सुरक्षासमेत गर्दै आएका छन् ।

भोजपुरबाट यो वर्षको माघ महिनासम्म करिब ७० हजार केजी रुद्राक्ष निर्यात भएको डिभिजन वन कार्यालय भोजपुरका सहायक वन अधिकृत विजय यादवले जानकारी दिए । जिल्लामा रुद्राक्ष अत्यधिक उत्पादन हुने भए पनि यसको मुख्य बजार संखुवासभाको खाँदबारी रहेको छ । खाँदबारीबाट तराईका जिल्ला, काठमाडौं हुँदै चीन र भारतमा समेत निर्यात हुने रुद्राक्ष व्यवसायीको भनाइ छ । यस्तै, युरोप र अमेरिकालगायतका मुलुकमा समेत रुद्राक्ष निर्यात हुने गरेको छ । भोजपुरमा रुद्राक्षको इतिहास हेर्दा वि.सं. १९३२ भन्दा पहिले भारतको काशीबाट ल्याएर बालागुरु षडानन्द अधिकारीले दिङ्लामा रोपेको भन्ने भनाइ छ । रुद्राक्ष समुद्री सतहदेखि एक हजार चार सय मिटरसम्मको उचाइमा खेती गर्न सकिने विज्ञहरूको भनाइ छ । रासस

# संसदमा झुट बोलेको अभियोगमा सिंगापुरका विपक्षी नेतालाई जरिवाना

**सिंगापुर ।**
सिंगापुरका विपक्षी दलका नेतालाई संसद्मा झुट बोलेको र पार्टीका एक सदस्यलाई झूटो साक्षीको विवरण ढाकछोप गर्न सहयोग गरेको अभियोगमा सोमबार जरिवाना गरिएको छ ।

सिङ्गापुर वर्कर्स पार्टीका महासचिव ४८ वर्षीय प्रितम सिंहलाई एक सांसदमाथि छानबिन गरिरहेको संसदीय समितिसमक्ष झूट बोलेको अभियोगमा दोषी ठहर गरिएको हो ।

केही महिनाभित्रै हुने चुनावमा सत्तारुढ पिपुल्स एक्सन पार्टी (पिएपी) को अत्यधिक प्रभुत्वलाई चुनौती दिन खोजिरहेको बेला यो सजाय आएको हो । पिएपीले सन् १९५९ देखि धनी शहर–राज्यमा शासन गर्दै आएको छ ।

सिंहले समितिलाई भनेको कुरा विपरीत सांसद रईसाह खानलाई संसद्मा आफ्नो झूटलाई ढाकछोप गर्न भनिए पनि सिकाए अनुसार 'बनाउटी कुरा' गर्दै गर्दा उनी चुकेको देखिएको जिल्ला अदालतका न्यायाधीश ल्यूक टानले बताए ।

न्यायाधीशले खानको बयानलाई उद्धृत गर्दै भने, 'सिंहले खानलाई बैठकको क्रममा आफ्नो दाबीलाई वास्तविक प्रमाणित गर्न' हदैसम्म्को अभिनय गर्न भनेको रहेछन् तर खानले सिंहले भनेजस्तो गर्न सकेनन् ।'

अदालत बाहिर पत्रकारहरूसँग बोल्दै आफूलाई राजनीतिक प्रतिशोध लिने मनसायबाट सत्ताधारी मान्छेहरूले फसाएको बताउँदै सिंहले भने, 'मसँग भएको सल्लाह र मलाई शुभेच्छुकहरूले दिएको सल्लाहको आधारमा म आम चुनावमा भाग लिनेछु ।'

सिंहलाई प्रत्येक अभियोगमा सात हजार सिंगापुर डलर जरिवाना गरिएको अदालतको फैसलाविरुद्ध अपिल गर्ने सिंहले बताए ।

संविधानअनुसार न्यूनतम १० हजार सिंगापुर डलर जरिवाना वा कम्तीमा एक वर्षको जेल सजाय पाउने व्यक्ति निर्वाचनमा भाग लिन वा पाँच वर्षसम्म संसदीय सिट धारण गर्न अयोग्य ठहरिन्छ ।

यस प्रकरणपछि विधायिकाबाट राजीनामा दिएकी रईसा खानले आफूसँगै आएकी एक महिला बलात्कार पीडितको बारेमा संसद्मा सुनाएको कथा तयार पारेको स्वीकारेकी थिइन् ।

पूर्व सांसदले सन् २०२१ मा संसदलाई दिएको जानकारीमा एक प्रहरी अधिकारीले कथित पीडितको पहिरनबारे 'असंवेदनशील टिप्पणी' गरेको र उनले रक्सी पिएको बताउनुभएको थियो तर गृहमन्त्री के शनमुगमले यस्तो घटनाको प्रहरी फाइलमा कुनै रेकर्ड नभएको र खानले अन्ततः झूट बोलेको स्वीकारेका बताए ।

त्यसपछि सिंहमाथि खानको बयानबारे छानबिन गर्ने संसदीय समितिसमक्ष झूट बोलेको आरोप लागेको थियो । रासस

# अन्तरराष्ट्रिय महिला फुटबल– नेपाली टोलीप्रति अपेक्षा



राजु सिलवाल

**काठमाडौँ।**

काठमाडौँमा तापक्रम बिस्तारै बढदै चिसो घटेर गएसँगै खेलको माहौल पनि तातिने भएको छ । फागुन ५ गतेदेखि दशरथ रङ्गशालामा अन्तरराष्ट्रिय महिला च्याम्पियनशिप फुटबल प्रतियोगिता शुरु भएको छ । गत तिहारअघि चिसोयाम भर्खरै शुरु भएको अवस्थामा नेपाली दर्शकहरु राति रङ्गशालामा उपस्थित भएर नेपाली महिला टोलीको पक्षमा जुटेका थिए । उक्त सातौँ साफ महिला च्याम्पियनशिप प्रतियोगितामा नेपालले राम्रो खेल प्रदर्शन गरेको अवस्थामा पनि फाइनलमा पराजित भएपछि निराश भएका दर्शकहरुको खुसी फर्काउने अवसर फेरि नेपाली टोलीमाथि आएको छ । यसका लागि गत नेपाली राष्ट्रिय महिला फुटबल टोलीका मुख्य प्रशिक्षक राजेन्द्र तामाङदेखि विभिन्न मुलुकमा व्यावसायिक खेल खेलिरहेका खेलाडीहरु समेत टोलीमा फर्केका छन् ।

यसपालि अन्तरराष्ट्रिय महिला च्याम्पियनशिपमा नेपाल, म्यान्मा, लेबनान र किर्गिस्तानका चार टोलीको सहभागिता रहेको छ । फोर नेसन्स फुटबल प्रतियोगिता आगामी एएफसी एसियन कप तथा फिफा विश्वकप फुटबल प्रतियोगिताको छनोट चरणमा नेपालको सहभागिताको तयारीका सिलसिलामा आयोजना गरिएको हो । सो फुटबल प्रतियोगिताका सबै खेल अन्तरराष्ट्रिय फुटबल महासङ्घ (फिफा)को अन्तरराष्ट्रिय ‘विन्डोज’मा हुने भएकाले अन्तरराष्ट्रिय मान्यता पाउने निश्चित छ । निर्धारित खेल तालिकाअनुसार सहभागी सबै टोलीले आपसमा खेल्नेछन् । लिग चरणमा दिनको दुईवटा खेल हुने भएको छ । यसअनुसार नेपालले सबै खेल साँझ ६ बजे ‘फ्लड लाइट’मा खेल्नेछ । नेपालले लिग चरणअन्तर्गत प्रतियोगिताको पहिलो दिन फागुन ५ गते किर्गिस्तानसँग खेल्दैछ । दोस्रो खेल फागुन ८ गते लेबनानसँग तथा फागुन ११ गते म्यान्मासँग खेल्ने कार्यक्रम रहेको छ ।

नेपाली महिला राष्ट्रिय फुटबल टोलीले विगत केही वर्षयता सन्तोषजनक प्रदर्शन गर्दै आइरहेको छ । नेपाली महिला टोली फिफा वरियताक्रममा १०३औँ स्थानमा रहेको छ । सन् २०१७ मा नेपाल फिफा वरियताक्रममा सुधार हुँदै ९१औँ स्थानमा पुगिसकेको थियो । अखिल नेपाल फुटबल सङ्घले पुरुष टोलीको तुलनामा महिला टोलीलाई कम प्राथमिकता दिएको देखिएको भए तापनि विभिन्न अन्तरराष्ट्रिय प्रतियोगितामा नेपाली महिला टोलीले उल्लेखनीय प्रदर्शन गर्दै महिला टोलीलाई प्राथमिकता तथा सुविधा बढाउन बाध्य बनाउँदै आएको मान्न सकिन्छ । गत सातौँ साफ महिला च्याम्पियनशिपको लिगको बेला नेपाली खेलाडीहरुले प्रशंसनीय खेल प्रस्तुत गरेका थिए । खेलाडीहरुले उत्कृष्ट गोलहरु गरेका थिए । अझ उल्लेखनीय पक्ष त धेरैपटक उपाधि जितिसकेको भारतलाई सेमिफाइनलमा पराजित गरेर नेपाली खेलाडीहरुले आफ्नो आत्मविश्वास बढाएका थिए । यसअघि भारतीय टोलीसँग पटकपटक पराजित हुँदै आएको नेपालले भारतलाई हराउन सफल हुनु महत्वपूर्ण उपलब्धि थियो । तर फाइनलमा नेपाली टोली बङ्गलादेशसँग एक गोलका विरुद्ध दुई गोलले पराजित भएर विगतमा जस्तैः उपविजेतामै सीमित रहनु परे तापनि नेपाली खेलाडीहरुले दर्शकहरुको मन भने जितेका थिए । नेपाली खेलाडीहरुले अथक प्रयत्न गर्दा पनि तथा घरेलु दर्शकहरुको अपार समर्थन पाउँदा पनि भोग्नु परेको पराजय खेलाडी तथा समर्थकहरुले अझै भुलेका छैनन् ।

### दोहरिएका प्रशिक्षक

सातौँ साफ महिला च्याम्पियनशिपका बेला नेपाली टोलीका मुख्य प्रशिक्षक राजेन्द्र तामाङ थिए । प्रतियोगितामा नेपाल पराजित भएपछि उनले प्रशिक्षकबाट राजीनामा दिएका थिए । यसपालि पनि उनलाई नै टोली प्रशिक्षणको जिम्मेवारी दिइएको छ । तर उनलाई टोलीको जिम्मेवारी दिइएको समय भने केही दिनअघि मात्र हो । उनले ३० जना खेलाडी छनोट गरेर बन्द प्रशिक्षण सुरु गरेका थिए, जसबाट उनले २३ जनालाई अन्तिम छनोट गरेका छन् । केही दिनको प्रशिक्षणले खासै फरक त पर्दैन । तर मुख्य प्रशिक्षक तामाङ खेलाडीहरुको व्यक्तिगत कौशलबारे जानकार रहेकाले उनको रणनीतिले टोलीको आगामी प्रदर्शनमा पक्कै प्रभाव पर्नेछ । मुख्य प्रशिक्षक




तामाङ्ले नेपालले जित्ने लक्ष्यका साथ तयारी गरिरहेको जानकारी दिएका छन् ।

### साम्बाप्रति अपेक्षा

नेपाली महिला राष्ट्रिय टोलीमा अत्यन्त भरपर्दो खेलाडीका रुपमा परिचित सावित्रा भण्डारी ‘साम्बा’ले आफ्नो परिचय दक्षिण एसियाकै उत्कृष्ट खेलाडीका रुपमा बनाएकी छिन् । नेपाली राष्ट्रिय टोलीकी अग्रपङ्क्तिकी खेलाडी साम्बाले विभिन्न ५२ म्याचमा ५३ गोल गरिसकेकी छिन् । उनलाई दक्षिण तथा मध्यएसियाकै उत्कृष्ट ‘स्ट्राइकर’ मानिन्छ । भारत, इजरायललगायतका मुलुकमा व्यावसायिक खेलाडीका रुपमा आफ्नो पहिचान बनाउन सफल उनी हाल फ्रान्समा इए एभान्ट गुईगाम्प क्लबका तर्फबाट दोस्रो ‘सिजन’मा युरोपेली लिग खेलिरहेकी छिन् । उनी युरोपेली लिगमा खेल्न जाने पहिलो नेपाली खेलाडी हुन् । साम्बा फ्रान्सेली टोलीबाट सोझै राष्ट्रिय टोलीमा सहभागिता जनाउँदैछिन् ।

### रेखा पनि टोलीमा

सातौँ साफ च्याम्पियनशिपका बेला भूटानी रेफ्री ओम चोकीले दोहोरो पहेँलो कार्डसहित रातो कार्ड देखाएर मैदानबाट निकालेकी नेपालकी रेखा पौडेल संयुक्त अरब इमिरेटसबाट स्वदेश आएर महिला च्याम्पियनशिप खेल्दैछिन् । उनी अबुधाबी कन्ट्री क्लबका तर्फबाट युएई महिला लिगमा सहभागिता जनाएकी छिन् । उनलाई नेपालकी पहिलो रोजाइकी स्ट्राइकरका रुपमा लिइन्छ । साफ च्याम्पियनशिपका बेला उनले कुल सात गोल गरेकी थिइन् ।





### नायिका बनेकी कप्तान

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान तथा गोलकिपर अन्जिला तुम्बापोको वास्तविक जीवनमा आधारित कथानक चलचित्र ‘अन्जिला’ को सार्वजिनक प्रदर्शन अन्तरराष्ट्रिय महिला च्याम्पियनशिप समाप्त भएलगत्तै फागुन २९ गतेदेखि हुँदैछ । फुटबल खेल्नका लागि उनले सानैदेखि सङ्घर्ष गर्दै सफलता प्राप्त गरेको कथा चलचित्रमा देखाएको छ । चलचित्र निर्देशक मिलन चाम्सको निर्देशन रहेको उक्त चलचित्रमा प्रख्यात अभिनेता दयाहाङ राई, विजय बराल, बुद्धि तामाङलगायतका कलाकारले अभिनय गरेका छन् । उक्त चलचित्रको हङकङमा प्रिमियर सो हुँदा पनि अन्जिला सहभागी भएकी थिइन् । नेपालमा अन्तरराष्ट्रिय महिला च्याम्पियनशिप खेल्नका लागि एन्जिला ग्रिसबाट आइसकेकी छिन् । उनी युरोपियन लिग फुटबल खेल्न ग्रिसको ‘ए डिभिजन’को क्लब निस अट्रोमिटउ क्लबसँग आबद्ध रहेकी छिन् ।

### नेपालमा सुरुआत

नेपालले सन् १९८६ मा पहिलोपटक एएफसी वुमन्स च्याम्पियनशिपमा नेपाली महिला राष्ट्रिय टोलीलाई सहभागिताका लागि पठाएको थियो । त्यतिखेर पहिलो दिनको खेलमा नेपाल हङकङसँग शून्यका विरुद्ध एक गोलले पराजित भएको थियो । त्यसपछि नेपाल सन् १९८९ तथा १९९९ मा एएफसी वुमन्स च्याम्पियनशिपमा सहभागी भएको भए तापनि समूह चरणभन्दा माथि पुग्न सकेन । नेपाली महिला फुटबल टोलीसँग नेपाली फुटबलप्रेमीहरुको अपेक्षा प्रतियोगिता विजेता बनेको देख्न पाउनु हो । नेपाल साफ महिला च्याम्पियनशिपमा छपटक तथा दक्षिण एसियाली खेलकुदको महिला फुटबलमा तीनपटक उपविजेता बनिसकेको छ । साउदी अरेबियामा भएको वाफ महिला च्याम्पियनशिप फुटबलमा पनि नेपाल उपविजेता बनेको थियो ।

### सहभागी टोलीहरुको स्थिति

**लेबनानः** लेबनानको महिला राष्ट्रिय फुटबल टोलीले सन् २००५ देखि सक्रिय रुपमा विभिन्न अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागी हँुदै आइरहेको छ । सो टोलीले हालसम्म खेलेका ५९ वटा अफिसियल म्याचमध्ये २४ वटामा विजय हासिल गरेको, तीनवटा बराबरीमा टुङ्गिएको तथा ३२ वटा म्याचमा पराजय भोगेको थियो । सन् २०२२ मा सम्पन्न वाफ (वुमन्स च्याम्पियनशिप)मा लेबनान दोस्रो भएको थियो । सन् २०२३ मा भएको महिलाहरुको अन्तरराष्ट्रिय मैत्रीपूर्ण प्रतियोगितामा लेबनानले अतिरिक्त समयमा भूटानलाई शून्यका विरुद्ध एक गोलले हराएर उपाधि जोगाएको थियो । सन् २०२४ का वाफ फुटबल प्रतियोगिताको सेमिफाइनलमा नेपालले लेबनानलाई एक गोलविरुद्ध दुई गोलले हराएको थियो । लेबनान हाल फिफा वरियताक्रममा १३४औँ स्थानमा रहेको छ ।

**म्यान्माः** फिफा महिला विश्व वरियताक्रममा म्यान्माको स्थान ५५औँ रहेको छ । म्यान्माको महिला राष्ट्रिय फुटबल टोलीले सन् १९९५ देखि विभिन्न क्षेत्रीय प्रतियोगिताहरुमा भाग लिँदै आइरहेको छ । म्यान्माले एएफएफ महिला च्याम्पियनशिपमा सन् २००४ र २००७ मा उपाधि जितेको थियो । उक्त प्रतियोगितामा म्यान्माको टोली सन् २०११, २०१२ तथा २०१५ मा दोस्रो तथा सन् २०१६, २०१९ र २०२२ मा तेस्रो हुन सफल भएको थियो । दक्षिण पूर्वी एसियाली खेलकुदमा म्यान्माको महिला फुटबल टोलीले चारपटक दोस्रो तथा सातपटक तेस्रो स्थान प्राप्त गरेको थियो ।

### किर्गिस्तान

किर्गिस्तानको महिला राष्ट्रिय फुटबल टोलीले सन् २००९ मा पहिलोपटक एएफसी महिला एसियाकपमा सहभागिता जनाएको थियो । सन् २०२२ मा सम्पन्न सिएएफए महिला च्याम्पियनशिपमा किर्गिस्तान टोली तेस्रो भएको थियो । किर्गिस्तानले विभिन्न उमेर समूहका महिला फुटबल टोली बनाएर प्रतियोगितामा सहभागिता गराएको छ । फिफा विश्व वरियताक्रममा १२८औँ स्थानमा रहेको छ ।

नेपालमा महिला फुटबलको विकासका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल जस्ता विभागीय टोलीहरुको उल्लेखनीय भूमिका रहँदै आएको छ । यसपालिको प्रतियोगितामा पनि नेपाली टोलीमा अधिकांश खेलाडीहरु विभागीय टोलीहरुबाटै छनोट भएका छन् । व्यावसायिक खेलाडीका रुपमा युरोप र अन्य मुलुकमा अनुभव हासिल गरेर आएका नेपाली खेलाडीहरुकै खेलमा नेपाली टोलीको भविष्य निर्भर रहेको छ । घरेलु दर्शकहरुको अपार समर्थन र साथले सकारात्मक नतिजा जुटाउन पक्कै सहयोग गर्ने आशा गर्न सकिन्छ । गत कात्तिकमा यही रङ्गशालामा फाइनलमा भएको पराजयलाई यसपटक शक्तिमा बदल्न पनि नेपाली टोलीका तर्फबाट यथोचित प्रयत्न हुने अपेक्षा गरिएको छ ।

आगामी दिनमा अन्य फुटबल क्लबहरुले पनि पुरुष खेलाडीहरुलाई जस्तैः व्यावसायिक रुपमा महिला खेलाडीहरुलाई पनि आबद्ध गर्न सुरु गरेमा नेपालले अन्तरराष्ट्रिय सफलता हासिल गर्दै जाने निश्चित छ । अखिल नेपाल फुटबल सङ्घले पनि महिला फुटबलका प्रतियोगिता तथा गतिविधिलाई क्रमिक रुपमा बढाउँदै खेलाडीहरुले खेलेरै जीवनयापन गर्न सक्ने सन्देश प्रवाह गर्न नेतृत्वदायी भूमिका लिनु अपेक्षा गरिएको छ । (लेखक खेल पत्रकार हुन्) रासस

# प्रकृति दोहनका कारण मानव जीवन नै सङ्कटमा पर्न थाल्योः पूर्वराष्ट्रपति



**मधेशदृष्टि**
**महेन्द्रनगर ।**
पूर्वराष्ट्रपति डा रामवरण यादवले प्रकृतिको दोहनका कारण मानव जीवन नै सङ्कटमा पर्न थालेकामा दुःख व्यक्त गरेका छन् । सोमबार जनकपुरधाममा 'म बनाउँछु नेपाल' भन्ने बहस कार्यक्रममा उनले पहाडमा चलेको अनियन्त्रित डोजर तथा तराईको चुरे क्षेत्रमा भइरहेको अवैध उत्खननका कारणले मुलुकको अन्न तथा जलको भण्डार भएको तराई मधेसमा बर्सेनि पानीको सङ्कट बढ्न थालेकोप्रति चिन्ता व्यक्त गरे ।

पूर्वराष्ट्रपति यादवले भने, 'यस्तै अवस्था रहेको खण्डमा अबको केही दशकपछि नेपालमा थप पानीको अभाव हुनेछ, खाद्यान्नको सङ्कट हुने खतरा छ ।' चुरेको अनियन्त्रित दोहन रोकेर चुरेलाई हराभरा बनाउनेतर्फ सबैको ध्यान जान जरूरी रहेको उनको भनाइ छ । पूर्व राष्ट्रपति यादवले पहाडमा चलेको अनियन्त्रित डोजर र तराईमा अवैध रूपमा बढेको क्रसर उद्योगका कारणले प्राकृतिक विनाश दिन प्रतिदिन बढ्दै गएकोमा चिन्ता व्यक्त गरे ।

कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले चालु आर्थिक वर्षमा सिँचाइका लागि दुई अर्ब १५ करोडको 'टेन्डर' गरिएको जानकारी दिए । मधेश प्रदेश सरकारले स्वास्थ्य तथा प्राकृतिक स्रोतको दोहनमा देखिएको अवैध क्रियाकलाप रोक्न उनले आग्रह गरे ।

मुख्यमन्त्री सिंहले डेढ अर्बको स्यालो ट्युबवेल जडानले थप ६० हजार हेक्टर क्षेत्रफलमा सिँचाइ पुग्ने बताउँदै प्रदेश सरकारले सडक सुरक्षाका लागि प्रहरीसँग सहकार्य गरेका कारणले मधेश प्रदेशमा ५० प्रतिशतले सवारी दुर्घटनामा कमी आएको बताए । जनमत पार्टीका अध्यक्ष डा सिके राउतले राजनीतिक ठीक ठाउँमा नआएसम्म मुलुकको विकास तथा समृद्धिको यात्रा तय गर्न कठिन हुने बताए । चिकित्सक डा ओम अनिल मूर्तिले मानव जीवनका लागि हावा, पानी, माटो, वायुको संरक्षण र सन्तुलन नभएको खण्डमा मानव जीवन नै सङ्कटमा पर्ने भएकाले मानवले यी चार विषयमा प्रभाव पार्ने काम गर्न नहुने बताए । रासस

# पर्सामा वन जोगाउनै मुस्किल



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा तीन साझेदारी वन र त्यसको आसपासको क्षेत्रमा गरेर चार सय ६८ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ । डिभिजन वन कार्यालय पर्साका अनुसार जिल्लामा ठोरी, गादीमाई, विन्ध्वासिनी, सबैया साझेदारी वन क्षेत्र बढी अतिक्रमणमा परेको छ । डिभिजन वन कार्यालय पर्साका डिभिजन वन अधिकृत मञ्जुर अहमदले जिल्लाको ठूलो जनसंख्याको लागि काठको अत्यधिक माग र कमजोर वन प्रशासनको फाइदा लिँदै तस्करबाट वन फँडानीका कारण पनि वन अतिक्रमण गर्ने प्रवृत्ति देखिएको जानकारी दिए । 'डिभिजन वन कार्यालयसँग दरबन्दी अनुसारको कर्मचारी पनि छैनन् । जसको कारणले सीमित जनशक्तिको कारणले पनि पर्याप्त मात्रामा अनुगमन र रेखदेख गर्न पनि समस्या भएको छ', उनले भने, 'कार्यालयमा एक सय कर्मचारीको दरबन्दी भए पनि अहिले ५३ जना कर्मचारी मात्रै रहेका छौँ । सीमित स्रोतसाधन र जनशक्तिकोबीच काम गरिरहेका छौँ ।' वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, २०८० को प्रतिवेदन अनुसार पर्सा जिल्लामा सबैभन्दा धेरै वन अतिक्रमण परेको क्षेत्रमा ठोरी ४ बाराहनदीदेखि पश्चिम क्षेत्र पर्दछ । जहाँ दुई सय हेक्टर वन अतिक्रमणमा परेको छ । गादीमाई साझेदारी वन क्षेत्र १६७ दशमलव ६८ हेक्टर अतिक्रमणमा परेको छ ।

सखुवाप्रसौनी साझेदारी वन ३३ दशमलव २ हेक्टर, सबैया साझेदारी वन २२ दशमलव २३ हेक्टर क्षेत्रफल अतिक्रमणमा परेको छ । त्यस्तै, विन्ध्वासिनी साझेदारी वन १२ दशमलव ६ हेक्टर अतिक्रमणमा परेको कार्यालयले जनाएको छ । डिभिवन वन अधिकृत अहमदले साझेदारी तथा अन्य वन जोगाउन सबैले हातेमालो गरेर अघि बढ्नुपर्ने बताए । 'अहिले त वन जोगाउने काम डिभिजन वन कार्यालयको मात्रै भन्ने भाष्य निर्माण भइरहेको छ', ' उनले भने, 'वन जङ्गल जोगाउनका लागि सबै हातेमालो गरेर अघि बढ्न जरुरी भइसकेको छ ।'

कार्यालयका अनुसार जिल्लामा सार्वजनिक विद्यालय, मठमन्दिर, प्रहरी, सेनाका ब्यारेक, सडक आदी भौतिक पूर्वाधार निर्माणमा समेत वनक्षेत्रको केही भाग अतिक्रमण गरेर पूर्वाधार लगायतका संरचना पनि निर्माण गरिएको छ । कार्यालयसँग पर्याप्त जनशक्ति नहुँदा पनि नियमित रूपमा वन अनुगमन र निरीक्षण गर्न समस्या भइरहेको छ । पर्सामा ११ हजार पाँच सय ७५ हेक्टर वनक्षेत्र छ । पर्सामा चारवटा सामुदायिक वन र तीनवटा साझेदारी वन रहेका छन् । यहाँको वनमा साल, खयर, मसला, टिक, सिमल, सिसो, जामुनलगायत प्रजातिका रुख छन् । रासस

# नदीजन्य पदार्थ उत्खनन नगर्न नगराउन पुनः आदेश




**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको निजगढ नगरपालिका र कोल्हवी नगरपालिकालाई नदीजन्य पदार्थ उत्खनन नगर्न, नगराउन र रोक्न उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजले पुनः एक साताका लागि आदेश जारी गरेको छ ।

गत माघ १४ गते अदालतले पहिलोपटक अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो, जुन पूर्णरूपमा कार्यान्वयन गर्न आइतवार पुनः एक साताका लागि आदेश थप गरिएको हो (शनिबार) भएको बहसपछि अदालतका न्यायाधीश नीलम पौडेल र ऋषिराम निरौलाको इजलासले आगामी फागुन १२ गतेका लागि नयाँ पेसी तोकेको छ । चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपालका तर्फबाट निवेदक अजय यादवले निजगढ नगरपालिका, कोल्हवी नगरपालिका, जिल्ला समन्वय समिति बारा, जिल्ला प्रशासन कार्यालय बारा, डिभिजन वन कार्यालय बारा र वन तथा वातावरण मन्त्रालय मधेश प्रदेशलाई विपक्षी बनाउँदै माघ १३ गते निवेदन दर्ता गराएका थिए । अदालतले निवेदनमा उठाइएका गम्भीर विषयलाई मध्यनजर गर्दै दुवै पक्षबीच छलफल गरी निष्कर्षमा पुग्न आवश्यक देखिएको जनाएको छ । त्यसैले माघ २२ गते छलफलको मिति तोकिएको थियो । छलफल सम्पन्न नभएसम्म निजगढ नगरपालिका र जय गणेश सप्लायर्स तथा कोल्हवी नगरपालिका र महागौरी सप्लायर्ससँग भएको सम्झौताअनुसार बकैया खोला, लाल–भक्तलाल, शक्ति खोला, बगर खोला र धन्सार खोलाबाट रोडा, ढुङ्गा, ग्राभेल, बालुवा जस्ता नदीजन्य पदार्थ उत्खनन नगर्न आदेश दिइएको छ ।

# स्रोत नखुलेको रकमसहित एकजना भारतीय पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले स्रोत नखुलेको रकमसहित एकजना भारतीय नागरिकलाई पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा प्रहरीको टोलीले भारतीय नागरिकलाई वीरगंजको लिङ्क रोडबाट पक्राउ गरेको हो । पक्राउ पर्नेमा भारत बिहार मोतिहारी जिल्ला थाना रक्सौल वडा नम्बर १७ निवासी नेहाल कुमार रहेका छन् । उनको साथबाट स्रोत नखुलेको १० लाख रुपैयाँ बरामद भएको पर्सा प्रहरी प्रवक्ता सुबास भट्टले जानकारी दिएका छन् । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले उनलाई शंका लागेर जाँच गरेको थियो । सोही क्रममा उनको साथबाट स्रोत नखुलेको रकम बरमद भएको मधेश प्रदेश प्रहरीले जनाएको छ । पक्राउ परेका कुमारलाई जिल्ला प्रहरी कार्यालय पर्साको हिरासतमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बारामा रहेका अधिकतम 'सुधार केन्द्र' अवैधानिक

**संजय तिवारी**
**कलैया ।**
बारा जिल्लामा विभिन्न समयमा स्थापना भएका पुनःस्थापना केन्द्र (सुधार केन्द्र) हरु मापदण्डबिनै संचालन भइरहेको पाईएको छ । फगुन २ गते कलैयास्थित नवजन्म पुनःस्थापना केन्द्रभित्रै हत्याको घटना घटेपछि स्थानीय प्रशासनले अनुगमन थाल्दा अवैधानिक सुधार केन्द्रहरुको पोल खुलेको हो । जिल्ला प्रशासन कार्यालय बाराको नेतृत्वमा रहेको पुनःस्थापना केन्द्र अनुगमन समितेले आइतबार पहिलो पटक अनुगमन थाल्दा सो तथ्य बाहिरिएको हो । कयौं केन्द्रहरु दर्ता समेत नभएको पाईएको छ । प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीका अनुसार हालसम्म बारा जिल्लामा शाखा बिस्तार तथा नयाँ स्थापना गरि जम्मा ८ वटा सुधार केन्द्रहरु रहेको जानकारी आएको तर दर्ता र जानकारी बिना पनि कयौं केन्द्रहरु संचालनमा रहेको पाईएको छ । बाराको जितपुरमा ३, निजगढमा २, सिमरामा २ तथा कलैयामा १ वटा गरि आठवटा केन्द्रहरु बारे मात्रै 'अफिसियल' जानकारी रहेको उनले बताए । अनुमती लिएका केन्द्रहरुले समेत एक पटकमात्रै स्थापना भएको जानकारी गराएको तर त्यसपछी उनीहरुको नविकरण नभएको प्रजिअ घिमिले मधेशदृष्टीलाई बताए । पुनःस्थापना केन्द्र संचालनकालागि सरकारको विशेष कार्यविधि नभएको कारण त्यसलाई नियमन गर्न समस्या आईरहेको उनले बताए । कलैयाको घटनाबारे जानकारी लिँदै गृह मन्त्रालयले देशका ७७ वटै जिल्लालाई विशेष 'एड्भाईजरी' जारी गर्नलागेको समेत उनले बताए । बाराका सुधार केन्द्र अनुगमनका क्रममा पुनःस्थापना केन्द्र संचालन गर्दा अपनाउनु पर्ने अधिकतम मापदण्ड प्रयोग नभएको पाईएको छ । भौतिक संरचना जिर्ण भएको, मनोचिकित्सक तथा परामर्शदाता नभएको, प्रती बिरामी अलग सुत्ने खाट हुनुपर्नेमा १४ जनाकालागी ८ वटा मात्रै खाट भएको, एउटै कोठामा क्षमताभन्दा बढी व्यक्ती राखिएको, खाना गुणस्तरिय नभएको, बिरामिहरुको स्वच्छता कायम नगरिएको, स्नानघर तथा शौचालयको अवस्था दयनीय रहेको, सिसिटिभी क्यामेर नभएको लगायतका त्रुटीहरु पाईएको छ । कतिपय सुधार केन्द्रहरुमा भर्ना भएका बिरामिलाई अभिभावकसंग भेटघाट गर्ने समेत नदिईएको पाईएको प्रजिअ अधिकारीले बताए । उनले समाजमा सकभर सुधार केन्द्रमा भर्ती हुन नपर्ने अवस्था सृजना गर्नुपर्ने बताए । तर, सुधार केन्द्रमा राख्नै पर्ने अवस्थामा केन्द्र र अभिभावकबीच समन्वय भईराख्नुपर्ने र मापदण्ड सहितको केन्द्रहरु संचालन हुनुपर्ने बताए ।






अनुगमनका क्रममा अवैधानिक पाईएका पुनःस्थापना केन्द्रहरुबारे गृह मन्त्रालयमा प्रतिवेदन पठाईएको र त्यहाँबाट जवाब आएपछि थप कारवाहिका प्रकृया अगाडि बढाईने जनाईएको छ ।

मधेश प्रदेश सरकार
गृह, सञ्चार तथा कानुन मन्त्रालय
आमसञ्चार प्राधिकरण
जनकपुरधाम

सञ्चार उत्सव कार्यक्रमको लागि प्रस्ताव आव्हानको सूचना

*प्रथम पटक प्रकाशित मितिः २०८१।११।०६ गते*

यस आमसञ्चार प्राधिकरणको आ.व. २०८१।०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार एक दिने सञ्चार उत्सव कार्यक्रम मधेश प्रदेशको प्रदेश खर्च मापदण्ड, २०८० तथा प्रचलित खरिद ऐन नियमावली अनुसार मधेश प्रदेशको राजधानी जनकपुरधाममा गर्नुपर्ने भएकोले सञ्चार उत्सव कार्य गर्ने सम्बन्धी उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको गैर सरकारी संस्थालाई संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व. २०८०।०८१ को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि, भ्याट/प्यानमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि, आ.व.२०८०।०८१ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि नोटरी पब्लिक गराई मिति २०८१।११।२० गते भित्र सिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

नोटः प्रस्तावको ढाचाँ कार्यालयको website: mca.madhesh.gov.np अथवा कार्यालयमा सम्पर्क गरी प्राप्त गर्नसकिनेछ

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन